# धर्मकीर्ति

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY




कार्तिक पूर्णिमा

पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला शनिवार आयोजित एक समारोहमा भिक्षुणी धम्मवतीलाई अभिनन्दन गर्नुहुँदै ।

DHARMAKIRTI

वर्ष- १७ अङ्क- ८ वार्षिक रु. ५०/- मूल्य रु. ५/-

Downloaded from http://www.dhamma.digital

श्रद्धेय भिक्षु मैत्रेयज्यू,
अन्तरराष्ट्रिय बौद्ध समाज
बुद्धनगर, लुम्बिनी ।

**बिषय : जानकारी सम्बन्धमा ।**

उपरोक्त बिषयमा डा. बाबा साहब अम्बेडकर मिशन भारतका प्रतिनिधि श्री लालाराम विद्यार्थीले दिनांक ४-९-१९९९ का दिन यस लुम्बिनी विकास कोष कार्यालय लुम्बिनीमा आई गुरुयोजना क्षेत्रभित्र दीक्षाको कार्यक्रम संचालनार्थ स्वीकृत पाउन निवेदन पेश गर्दा श्रीमान् सदस्य-सचिवज्यूले सो कार्यक्रम संचालन गर्ने अनुमति दिन नमिल्ने जानकारी गराइसक्नु भएकोमा दिनांक ५-१०-१९९९ मा सो संस्थाद्वारा लुम्बिनीमा दर्शन मात्र गर्ने अभिप्राय लिखित रुपमा स्वीकृतका लागि माग भई आएको निवेदन उपर यस कोषका उपाध्यक्षज्यूबाट लुम्बिनी दर्शन गर्न कसैलाई पनि रोक नभएको जानकारी दिने भनि तोक आदेश समेत भएको हुनाले सोही अनुसार तपाईंलाई जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

(ई. वीरेन्द्र कुमार यादव)
*योजना प्रबन्धक*

**दुई घण्टाको लागि दीक्षा समारोह गर्न अनुमति दिएको समाचार छ । - सं.**

**✿ समाचार ✿**

**२०५६ कार्तिक ३० गते ।**

लुम्बिनीमा भिक्षु संघलाई कथिन चीवर दान उत्सव सम्पन्न । लुम्बिनी ध्यान केन्द्रमा र लुम्बिनी नेपाली विहारमा उक्त समारोहका दाताहरू धर्मकीर्ति विहारकी उपासिकाहरू हेरादेवी, दानदेवी, मिश्री र हिरादेवीहरू हुन् ।

**भिक्षु बुद्धघोष महास्थविरको ७९ औं जन्मोत्सव**

२०५६ कार्तिक ४ गते । श्री सुमंगल बौद्ध संघको आयोजनामा सुमंगल विहार ललितपुरमा अग्गमहा सद्धम्म जोतिकधज पूज्य भिक्षु बुद्धघोष महास्थविरको ७९ औं जन्मोत्सव भव्य रुपमा सुसम्पन्न गरिएको समाचार छ ।

## वासः दान

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया पुलांम्ह दुजः मयुजु लोचनतारा तुलाधरं विहारे संचालन जुया च्वंगु स्वास्थ्य क्लिनिकया निंतिं रू ५००/- (न्यासः) तकाया थी थी वासः दान बियादिगु दु । लुमंके बहःजू थुगु क्लिनिक वंगु बैशाखंनिसें लय् प्यको हरेक अष्टमी, पुन्ही व आमाईसं सुथेय निघौ सेवा बिया च्वंगु दु ।**

## विषय-सूचि


१. **सम्पादकीय**
२. **बुद्ध वचन** ---------- १
३. **गामणी जातक** - प्रकाश बज्राचार्य ---------- २
४. **भगवान बुद्ध भन्नु हुन्थ्यो-आफ्नै कर्म सुधार गर** - रीना तुलाधर ---------- ३
५. **धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू** ---------- ३
६. **संयुक्त निकाय-१२** - भिक्षु ज. काश्यप, भिक्षु धर्मरक्षित, अनु. वीर्यवती ---------- ४
७. ***समाचार*- ज्योतिदय संघया कार्यकारिणी पुनर्गठन** ---------- ५
**अभिनन्दनपत्र व दोसल्ला हनादिल** ---------- ५
८. **वास्तविक धर्म** - रबिन्द्र शाक्य ---------- ६
९. **लोभि बन्नु त हुन्न है !** - अ.शील गौतमी ---------- ७
१०. **नेपाःया बौद्ध साहित्यय् धम्मवती गुरुमांया न्ह्यानाच्वंगु पलाः** - प्रेमहीरा तुलाधर ---------- ८
११. **समाचार- पुरस्कार वितरण** ---------- ९
१२. **धर्मकीर्ति विहार-गतिविधि** ---------- १०
१३. **धर्म प्रचार- समाचार** ---------- १५
१४. **छलफल**
१५. **पुजनीय भिक्षुणी धम्मवतीको प्रव्रजित जीवन ५० वर्ष पूरा भएको** ... ... ...


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४३
नेपालसम्वत् ११२०
इस्वीसम्वत् १९९९
बिक्रमसम्वत् २०५६

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ५०/- |
| यस अङ्कको | रु. | ५/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

A BUDDHIST MONTHLY

NOVEMBER, 1999

| वर्ष- १७ | अङ्क- ८ | सकिमिलापुन्ही | पूर्णिमा २०५६ |
|---|---|---|---|




**उन्नतिको सात कारणहरू :**

(१) श्रद्धालु भएर रहनु (२) पाप कर्मदेखि लाज मानिरहनु (३) लोक अपवादको डर राख्नु (४) विद्याको संचय गर्नु (५) राम्रो काम गर्नुमा खूब उत्साह राख्नु (६) संधै होशलाई जाग्रत बनाई राख्नु (७) प्रज्ञावान हुनु ।

**सदाचरणको कारण हुने फाइदा :**

(१) सदाचरणले उसको सम्पत्तिको वृद्धि हुन्छ ।
(२) समाजमा उसको कीर्ति बढाउँदछ ।
(३) हरेक सभामा उसको प्रभाव पर्दछ ।
(४) शान्तिसँग उसले मृत्यु पाउँदछ ।

★ ★ ★

Downloaded from http://www.dhamma.digital

# गामणी जातक

✍ प्रकाश बज्राचार्य

"आचार्य ! अब के गर्नु जाति होला त ?"

"कुमार ! आफ्ना आमा-बाबुलाई छोडेर नजाऊ ।"

"तर मेरा शयजना दाइहरूले मेरो बाबुले दिएको एक एक राज्य लिई गइसके । मलाई दिएको राज्य मात्रै मैले किन नलिने ?"

"राजकुमार ! कुरो बुझ्ने कोसिश गर । राजाले दिएको एउटा सानो राज्य लिएर के गर्ने ? तिमीमा बुद्धि छ, हौसला छ, विनम्रता छ । तिमीले सारा देशको शासन गर्नु छ, त्यसैले राज्यको लोभमा नअलमलिऊ । सुन, म भन्छु-तिमी राजाकहाँ गएर भन कि तिमीलाई राज्य चाहिँदैन । तिमी आफ्ना आमा-बाबुलाई नै सेवा गर्न चाहन्छौ, राजकाजमा सघाऊ पुऱ्याउन चाहन्छौ भन । र यसरी राजकुमार, तिमी राजालाई सेवा पनि गर्नेछौ र देशको शासनमा हात पनि हाल्न पाउने छौ ।"

"अनि के गर्ने त गुरु ?"

"अनि तिमीले दरवारको उद्यानका राम्रा फलफूल जनतामा बाँडिदेऊ ती सित्तै गइरहेका छन् । कर कम गरिदेऊ । विकासका काम गरिदेऊ । बेरोजगारलाई काम दिलाइदिऊ । न्याय खोज्नेलाई न्याय पुऱ्याइदेऊ । शान्तिपूर्वक, न्यायपूर्वक, धर्मपूर्वक शासन चलाउनमा राजालाई मद्दत गर । राजकुमार ! यसरी तिमीलाई राजाले पनि मनपराउने छ, मन्त्रीले पनि मनपराउने छ, भारदारले पनि मनपराउने छ, जनताले पनि मनपराउने छ ।"

"आचार्य ! हुन्छ म त्यस्तै गर्छु । म गएर बुबालाई मलाई राज्य चाहिँदैन, तपाइँकै सेवा गरेर बस्ने मौका दिनोस् भन्न जान्छु ।"

"जाऊ, कुमार ! आशिर्वाद छ मेरो ।"

× × ×

राजाको देहावसान भयो ।

मन्त्री भारदारहरूको छलफल चल्यो । अब कसलाई राजा बनाउने ?

सबैले एकै स्वरमा गामणी राजकुमारको नाउँ लियो । ५ वर्षदेखि देशमा सुशासन चलाउनमा हात हुने कान्छो राजकुमार गामणीलाई नै सबैले रूचाए । देशको भलोको लागि आफ्ना एकशय दाइहरूले जस्तै कुनै एक राज्य नलिई दरवारमै बस्ने राजकुमार गामणीलाई नै सबैले राजा रोजे ।

कान्छो राजकुमार गामणी अब राजा भयो ।

ससाना राज्य चलाइराख्ने दाइहरूकहाँ यो खबर पुग्यो । उनीहरू छँदा छँदै कान्छोलाई देशको राजा बनाएकोमा उनीहरू रिसले जुर्मुरिए । सबै दाइहरू मिली गामणी कुमारलाई हमला गर्न तैयार भयो ।

× × ×

"आचार्य ! मेरा दाइहरू मसंग लडाइँ गर्न चाहन्छन् ।"

"राजा गामणी ! लडाईंको केही अर्थ छैन । दाजु भाइ लडेर के फाइदा ? लडाइँले जित्नुभन्दा शान्तिले जित्नु जाति छ । युद्ध-विजयभन्दा शान्ति विजय श्रेष्ठ छ ।"

"गुरु ! शान्ति विजय कसरी गर्ने ?"

"तिमी आफ्नो राज्यलाई १०० भाग गरी दाइहरूलाई बाँडिदेऊ । उनीहरू त्यसपछि तिम्रा शत्रु रहने छैनन् । अझ उनीहरू तिम्रै अधिनमा बसेर राज्य चलाउन मान्न सक्छ ।"

"हुन्छ, गुरु, म त्यस्तै गर्छु ।"

× × ×

राजकुमार गामणीले त्यस्तै गरे । उसका सबै दाइहरूले उसैको अधिनमा बसी राजकाज चलाउनमा मद्दत दिन थाले ।

★★★★

**यो जातक कथा भगवान्‌ले एक हरेश खाएका भिक्षुको कारणले बताउनु भएको थियो । यसमा राजकुमारलाई सल्लाह दिने गुरु स्वयं बोधिसत्व हुनुहुन्थ्यो ।** ■



Downloaded from http://www.dhamma.digital

# भगवान बुद्ध भन्नु हुन्थ्यो - आफ्नै कर्म सुधार गर

✍ रीना तुलाधर

मानिस एक सामाजिक प्राणी भएको हुनाले समाजको नियम कानूनको परिधिभित्र ऊ रहनु पर्छ। आफू खुशि गरेर हिँड्न पाउँदैन। कुनै पनि काम गर्नको लागि पहिले समाजले के भन्छ भन्ने बारे सोच्नु आवश्यक हुन्छ। चाहे राम्रो काम होस् वा नराम्रो त्यसको आलोचना गर्ने आलोचकहरू समाजमा प्रशस्त पाइन्छन्। नराम्रो काम गरेर हिँड्नेहरूलाई समाजले धिक्कार्छ भने त्यो एक तरहबाट ठीक नै भन्नुपर्छ। समाजको डरले शायद त्यो नराम्रो काम पछि नगरिएला। तर कोही व्यक्तिले असलै गरेपनि उक्त व्यक्तिले सबैतिरबाट प्रशंसै प्रशंसा मात्र पाउँदैन। असल कामलाई पनि नबुझेर वा नसहेर त्यसमा दोष देखाउन खोज्नेहरू पनि प्रशस्त हुन्छन्। यसबाट राम्रो असल र भलोको काम गर्नतिर कोही लाग्छन् भने पनि त्यसमा हतोत्साहित हुनु पर्ने अवस्था आउँछ। राम्रो काममा बाधा अड्चन आउनु स्वाभाविकै कुरा हो। यस्तो आईपऱ्यो भनेर दुःखित हुनु वा निराश हुनु कतै आवश्यक छैन। यसै सम्बन्धमा भगवान बुद्ध भन्नु हुन्थ्यो- अरूको दोष होइन आफ्नो दोष हेर। अरुले के भन्यो त्यसमा ध्यान दिने होइन, आफूले के गरें त्यसमा ध्यान दिनुपर्छ। भगवान बुद्धले यसरी आज्ञा हुनु भएको थियो -

**"न परेसं विलोमानि न परेसं कताकतं**

**अत्तनो'व अवेक्खेय्य कतानि अकतानिचाति"।**

**अर्थ-** न त अरूको विरोधी वचनमा ध्यान दिनु, न अरूको दोषपूर्ण कर्मलाई हेर। केवल आफ्नै कर्मको अवलोकन गर। (धम्मपद अट्ठकथा)

यो उपदेश भगवान बुद्धले कुन प्रशंगमा दिनु भएको थियो हेर्न एउटा बुद्धकालीन घटना प्रस्तुत छ- बुद्धको पालामा श्रावस्ती नगरमा एउटी धनी आइमाई थिइन्। नांगै हिँड्ने साधु पाठिक भन्ने आजीवकका उनी भक्त थिइन्। ठूलो भक्तिको कारण पाठिक आजीवकलाई आफ्नै छोरा सरह राखेकी थिइन्।

उनका धेरै साथी, छिमेकीहरू भने भगवान बुद्धका अनुयायी थिए। जेतवन विहारमा (भगवान बुद्ध बस्नु हुने विहार) गएर धर्मदेशना सुनेर आएर उनका साथीहरूले भगवान बुद्ध र उहाँको धर्मको बढी श्रद्धापूर्वक वर्णन गर्थे। ती महिलालाई पनि भगवान बुद्धको दर्शन गर्ने र उहाँको धर्मदेशना सुन्ने ठूलो इच्छा हुन्थ्यो। तर पाठिक आजीवकले उनलाई धेरै पटक भगवान बुद्धकहाँ जानबाट रोकेर राखे।

एक दिन ती आइमाईले आफै विहारमा नगईकन भगवान बुद्धलाई नै आफ्नो घरमा बोलाएर भोजन दान दिइन्। त्यसपछि भगवान बुद्धको धर्मदेशना सुनेर मन प्रसन्न भएर 'अति राम्रो' भन्दै कराइन्।

पाठिक आजीवकसँगै कोठामा बसेर सबै सुनीरहेको थियो। आफ्नै भक्तिनीले भगवान बुद्धको सेवा गरेको र प्रशंसा गरेको सहन नसकेर कोठाबाट निस्की भगवान बुद्ध र ती महिला दुबैलाई जथाभावी गाली गरे। गाली गर्दै त्यहाँबाट निस्के।

यसबाट ती महिलालाई ज्यादै लाज भयो। त्यो गालिको शब्द सुनेर मन विचलित भएर भगवान बुद्धको धर्मदेशनामा मन एकाग्र गर्न सकेनन्। भगवान बुद्धले यो थाहा पाएर उनलाई त्यस्ता निन्दा अपहासको कारणले आफ्नो मन विचलित पार्नु हुँदैन। आफूले गरेको राम्रो वा नराम्रो काममा मात्र ध्यान दिनुपर्छ।

भगवान बुद्धको यो उपदेश सामाजिक प्राणी मानव सबैले अनुकरण गर्न योग्य छ। ■


**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू :**

**क्र.सं. ३१२**

**श्री सुबेन्द्र मानन्धर**

**पोष्ट बक्स नं. २३४१**

**काठमाडौं**

**रु. १०७५/-**




Downloaded from http://www.dhamma.digital

# संयुक्त निकाय १२.

- भिक्षु ज. काश्यप
- भिक्षु धर्मरक्षित
- अनु. वीर्यवती

( सातौं भाग )

**अद्ध वर्ग [१. नाम सुत्त (१.७.१) नाम]**

त्यो कुन हो ? जसलाई सबैले आफूभित्र राख्छ ?
के भन्दा बढी अरु छैन कुनै ?
कुन एक धर्मले
सबैलाई वशमा राखेको हुन्छ ?
नाम नै त्यो हो जसलाई सबैले आफूमा राखेको हुन्छ
नामभन्दा बढी अरु कुनै छैन,
नाम नै एक धर्म हो,
जसले सबैलाई आफ्नो वशमा राखेको हुन्छ ।✿

**[२. चित्त सुत्त (१.७.२) चित्त]**

केबाट लोक नियन्त्रित भएको हुन्छ ?
केबाट यसलाई क्षय गरिरहेको छ ?
कुन एक धर्ममा
सबैलाई वशमा राखिएको हुन्छ ?
चित्तबाट लोक नियन्त्रित भएको हुन्छ
चित्तले नै यसलाई क्षय गरिरहेको छ ।
चित्त नै एक धर्ममा
सबैलाई वशमा राखिएको हुन्छ ।

**[३. तृष्णा सुत्त (१.७.३) तृष्णा]**

कसले लोकलाई आफ्नो कब्जामा राखेको हुन्छ ?
कसले यसलाई क्षय गरिराखेको छ ?
कुन एक धर्ममा
सबैलाई वशमा राखिएको हुन्छ ?
तृष्णाले लोकलाई आफ्नो कब्जामा राखेको हुन्छ ।
तृष्णाले नै यसलाई क्षय गरिरहेको छ ।
तृष्णा नै एक धर्ममा
सबैलाई वशमा राखेको हुन्छ ।

**[४. संयोजन सुत्त (१.७.४) बन्धन]**

लोक कुन बन्धनमा बाँधिएको हुन्छ ?
यसबाट गरिने विचार के हो ?
के नाश गरेपछि
निर्वाण प्राप्त भएको भनिन्छ ?
संसारको स्वाद लिनु यही लोकको बन्धन हो,
वितर्क यसको विचार हो,
तृष्णालाई नाश गरेपछि
निर्वाण प्राप्त भएको भनिन्छ ।

**[५. बन्धन सुत्त (१.७.५) फँसाई]**

लोक कुन बन्धनमा फँसिएको छ ?
यसको विचार के हो ?
के नाश गरेपछि
सबै बन्धन काटिन्छ ?
संसारको स्वाद लिनु यही लोकको बन्धन हो ।
वितर्क यसको विचार हो
तृष्णा नाश गरेपछि
सबै फँसाई काटिनेछ ॥

**[६. अब्भाहत सुत्त (१.७.६) सताइने]**

लोकलाई केले सताइरहेको छ ?
(यसलाई) केले घेरिएको छ ?
(यसलाई) कुन तीरले घोचिरहेको छ ?
केले सधैं धुंवा फ्याँकिरहेको छ ?
मृत्युले लोकलाई सताइरहेको छ
जरा (बुढचाईं) ले यसलाई घेरिएको छ ।
इच्छाले सधैं धुंवा फ्याँकिरहेको छ ।

**[७. उड्डित सुत्त (१.७.७)]**

लोकलाई केले उच्छालेको छ ?
लोकलाई केले घेरिएको छ ?
लोकलाई केले छोपिएको छ ?
लोक केमा रोकिएको (प्रतिष्ठित भएको) छ ?
तृष्णाले लोकलाई उच्छालेको छ ।
जरा (बुढचाँई) ले यसलाई घेरिएको छ ।
मृत्युले यसलाईं छोपिराखेको छ ।
दु:खमा लोक प्रतिष्ठित भएको छ ।

---

✿ कुनै जीव वा चीज त्यस्तो छैन जुन नामविना रहेको हुन्छ । (यहाँसम्म कि) जुन वृक्ष वा ढुंगाको नाम हुँदैन उसको नाम "अनामक" (वेनामवाला) राखिएको हुन्छ । - अट्ठकथा



Downloaded from http://www.dhamma.digital

## [८. पिहित सुत्त (१.७.८) ढाकेर छोपेको]

केले लोकलाई ढाकेर छोपेको हुन्छ ?
लोक केमा प्रतिष्ठित छ ?
केले लोकलाई उच्छालेको हुन्छ ?
लोकलाई केले घेरेको हुन्छ

मृत्युले लोकलाई ढाकेर छोपेको हुन्छ ।
लोक दु:खमा प्रतिष्ठित रहेको हुन्छ ।
लोकलाई तृष्णाले उच्छालेको हुन्छ ।
लोकलाई जरा (बुढचाइँले) ले ।
घेरिएको हुन्छ ।

## [९. इच्छा सुत्त (१.७.९) इच्छा]

लोक केमा टाँसिएको हुन्छ ?
केलाई दबाइएमा मुक्त होइने छ ?
के प्रहाण (नाश) भएमा
सबै बन्धन काटिने छ ?

इच्छामा लोक टाँसिएको छ
इच्छालाई दबाइएमा मुक्त होइनेछ
इच्छा प्रहाण भएमा
सबै बन्धन काटिने छ ।

## [१०. लोक सुत्त (१.७.१०) लोक]

केको कारणले लोक पैदा हुन्छ ?
लोक कसको साथ रहन्छ ?
लोकले कसलाई लिएर रहिरहन्छ ?
केको कारणले यसले दु:ख भोगिरहन्छ ?

६ वटाको▲ कारणले लोक पैदा हुन्छ
६ वटाको साथमा लोक रहन्छ
लोकले ६ वटालाई नै लिएको हुन्छ
६ वटाको कारणले नै यसले दु:ख
भेलिरहेको हुन्छ ।

**अद्ध वर्ग समाप्त**

---

▲ ६ वटा आध्यात्मिक आयतन - चक्षु, श्रोत, घाण, जिह्वा, काय, मन ।

**✿ समाचार ✿**

### ज्योतिदय संघया कार्यकारिणी पुनर्गठन

सुरेन्द्रमान शाक्य-अध्यक्ष, अष्टबहादुर देशार-उपाध्यक्ष, दिलबहादुर देशार-सचिव, तीर्थलाल देशार-कोषाध्यक्ष, दिल देशार-सदस्य, एस.के. देशार-सदस्य, रामेश्वर देशार-सदस्य, वासुदेव देशार-सदस्य, साबित्री देशार-सदस्य, हिराकाजी देशार-सदस्य, प्रेम देशार-सदस्य ।

वथें थुखुन्हुया दिनसँ हे ज्योतिदय संघ ज्योति विहार अन्तर्गत ज्योतिदय वचत तथा ऋण सहकारी संस्था लिमिटेडया दुज:पिनीगु कार्यकारिणी समितिया ल्यज्या जुल ।

सुरेन्द्रमान शाक्य-सल्लाहकार, दिल देशार-अध्यक्ष, दिलबहादुर देशार-उपाध्यक्ष, मैयाँ देशार-सचिव, अष्टबहादुर देशार-कोषाध्यक्ष, एस.के. देशार-सदस्य, बद्री देशार-सदस्य, रत्नकेशरी देशार-सदस्य, नारायणदेवी देशार-सदस्य, सुशीला देशार-सदस्य ।

### अभिनन्दनपत्र व दोसल्ला हनादिल

वंगु जुग चन्हेसं यशोधर समाज सेवा परिषदया प्यक्व:गु बुदिं छगू ज्याझ्व:या दथुइ क्वचाल ।

सत्यमोहन जोशीया मू पाहाँसुइ जूगु ज्याझ्वले भाजु जोशीं भिक्षु बुद्धघोष महास्थविरयात परिषदयापाखें अभिनन्दन पत्र व दोसल्ला न्ययेका हनादिल । अथे हे यल देया थकालिपिं गुम्ह नागरिकपिन्त नं दोसल्ला न्ययेका हनादीगु ख: ।

अथे हे ज्याझ्वले महाविहारया आजु काजिरत्न बज्राचार्यपाखें महाविहार सर्व संघ २०५५ या प्रवेशिका परिक्षाय् अप्व: ल्या: ह:पिं मोनिका बज्राचार्य, प्रज्वलमान बज्राचार्य व शुशील बज्राचार्ययात नगद सिरपा व हनापौ ल:ल्हायेगु ज्या नं जुल । लिसें थीथी बहाबहिया झिंन्याम्ह व्वनामितयूत नं सिरपा व हनापौ ल:ल्हा:गु ख: ।

परिषदया नाय: चक्रमेहर बज्राचार्यया सभापतित्वे जूगु ज्याझ्वले सत्यमोहन जोशी, प्राध्यापक आशाराम शाक्य, पं. हेमराज शाक्य, पद्मरत्न तुलाधर व धर्मबहादुर शाक्यपिन्सं थ:थ:गु नुग: खँ प्वंकादीगु ख: ।

सुरेन्द्र शाक्यं न्ह्याकादीगु उगु ज्याझ्वले लसकुस न्वचु परिषदया उपाध्यक्ष डा. भद्ररत्न बज्राचार्य, परिषदया ल्याचा: न्यंके ज्या कोषाध्यक्ष रत्नबहादुर बज्राचार्य व सुभाय् महासचिव दिल्लीराज बज्राचार्य पाहाँपिन्त लसकुस व हनेज्या संरक्षक मदन बज्राचार्य यानादीगु ख: ।



Downloaded from http://www.dhamma.digital

# वास्तविक धर्म

✍ रबिन्द्र शाक्य, बौद्ध युवा कमिटि, ह:खा ।

भगवान बुद्ध देवता होइन न कुनै अवतार नै हो । उहाँ महामानव हुनुहुन्छ । २५०० वर्ष अगाडि कपिलवस्तुको राजा शुद्धोदनकी रानी महामायादेवीको कोखबाट लुम्बिनीमा जन्मनु भएको उहाँ सानै उमेरदेखि नै शान्त र एकान्तप्रिय स्वभावका थिए । समय अनुसार ठूलो हुँदै आएपछि समाजको असमानताको दृश्य आदि देखेर यो संसारदेखि विरक्तिनु भयो । सांसारिक दु:खहरूबाट मुक्त हुनको लागि आफ्नो दरबारको सम्पूर्ण सुख सुविधालाई त्यागेर सम्पूर्ण मानव समुदायलाई दु:खबाट मुक्त हुने मार्ग खोज्नको लागि साधारण भेष (चीवर) लगाई अमृतरुपी मार्ग खोज्न जानुभयो । यो ज्ञान प्राप्त गर्नको लागि ६ वर्षसम्म कठोर परिश्रम गरी ध्यान भावनामा संलग्न भएर अन्त्यमा उहाँ ३५ वर्षको उमेरमा बुद्धगयाको एउटा पिपलको रुखमुनि बोधिज्ञान लाभ गर्नुभयो । उहाँले चतुआर्य सत्यज्ञान, र प्रतित्य समुत्पादको ज्ञानलाई यथार्थरुपले बुझी मिथ्यादृष्टि, भ्रम, अज्ञानता र अन्धविश्वासमा लागेर यस सांसारिक जीवनको दु:खै दु:खमा अल्झिएका मानिसहरूलाई महाकरुणा राखी दु:खबाट मुक्त हुने मार्ग देखाउनु भएका थिए । यस मार्गमा ल्याउनको लागि भगवान बुद्धले विभिन्न उपदेशहरू दिनुभएको छ ।

आज विश्वमा जताततै एक आपसमा झैझगडा, चोरी, बलात्कार, जातिभेद, ठूला, साना, धनी गरीव, छूट, अछूट, आदिले गर्दा यो विश्व नै भयावह भएको छ । जहांतहिं मारकाट भैराखेको छ । यस्तो अवस्थामा मानिसहरू विभिन्न भौतिक वस्तुहरू निर्माण गरी आफूलाई बलियो कहलाउन, आफ्नो देशलाई समृद्ध देश कहलाउन खोज्छन् । भौतिक वस्तुहरूको निर्माण गरी भौतिक सुख सुविधामा मात्र भुलिरहेका छन् । यस्तै चक्करमा परी ठूला राष्ट्रले साना राष्ट्रलाई, बलियोले निर्बलियालाई थिचोमिथो पारी आपसी झैझगडा, मार काट, कुथाराघाट र हिंसाका प्रवृत्तिहरू देखा परिरहेका छन् । यस्तो भयावह कार्यहरूबाट छुटकारा पाउनको लागि आजका वैज्ञानिकहरू धर्मलाई महत्त्व दिन थालेका छन् । आधुनिक युगका मानविय जातीको लागि धर्मको आवश्यकता देखिन्छ । आजको मानविय युगमा हाम्रो शरीरको लागि जति मुटुको आवश्यकता हुन्छ त्यति नै प्रत्येक व्यक्तिको जीवन सुखमय बनाउनको लागि धर्म त्यति नै महत्त्वपूर्ण छ । आजका वैज्ञानिकहरूले अनुसन्धान गर्दै जाँदा एउटा सुयोग्य, देशभक्त र कर्मथ नागरिक तयार गर्नको लागि कुनै धर्म सर्वोत्तम धर्म हो भनेर निरन्तर रुपले अनुसन्धान गर्दै जाँदा विभिन्न धर्महरू देखापरे । जस्तो मुश्लिम, हिन्दू, बौद्ध, इशाई र क्रिश्चियन धर्म आदि । यस्ता धर्महरूलाई पनि एक अर्को गर्दै निरन्तर रूपले अनुसन्धान गर्दै जाँदा कुन धर्म मानव मात्रलाई नभई सम्पूर्ण प्राणीहरूलाई भलो चिताउने, विश्वमा शान्ति कायम गर्ने, देशमा सुयोग्य कर्मथ देश भक्त नागरिक तयार गर्ने प्रेरणा दिने, जीवन राम्रोसंग उन्नति गर्न सिकाउने आदि यी सम्पूर्ण कुराहरू बुद्ध धर्मले मात्र सिकाउँछ भन्ने कुरो ठहरियो ।

आजको युगमा मानिसहरूलाई आफ्नो जीवन सुखमय तरिकाले बिताउनका लागि बुद्ध धर्मले टेवा दिएको छ । बुद्ध शिक्षा सबै प्राणीहरूप्रति दया, करूणा, मैत्री र मित्रभाव राखी शान्ति र अहिंसाले पाठ सिकाउने मार्गदर्शक बनेको छ । बुद्ध शिक्षा आजको युगमा मानसिक शान्ति सुखमय जीवन यापन गर्न र निर्वाण प्राप्त गर्न अति आवश्यक सिद्ध हुन पुगेको छ । त्यसैले आधुनिक युगमा एशियामा मात्र नभई विश्वको थुप्रै अन्य स्थानहरूमा बुद्ध शिक्षालाई मान्यता दिएको देखिन्छ । कति राष्ट्रहरूमा त यसलाई राष्ट्रिय धर्मको रूपमा लिएको देखिन्छ । सूर्यले जसरी संसारका सबै प्राणीहरूलाई किरण दिन्छ, त्यसरी नै बुद्ध धर्मले संसारका सबै प्राणीहरूलाई दु:खबाट मुक्त हुने मार्ग देखाइरहेको छ । यस धर्मले ठूलो सानो, धनी, गरीव जातीभेदलाई मान्यता नदिई समानता अपनाएको देखिन्छ । सम्पूर्ण प्राणीहरूलाई कल्याण गर्ने समको प्रतिक, शुद्ध, निर्मल, पवित्र र निश्वार्थ तथा सर्वोत्तम धर्मको साथै मानव मात्रको उच्च धर्म हो यो । यसले



Downloaded from http://www.dhamma.digital

अन्धविश्वास, अचिन्त्य कल्पना, श्रृष्टिकर्ता र वरदान आदि भ्रामक कुराहरूलाई मान्यता दिएको छैन ।

आजका वैज्ञानिकहरू २५०० वर्ष अगाडिका बुद्धका बिचारधारा, सिद्धान्त, व्यवहारिकताको साथै उपदेशहरू देखेर चकित हुन पुगेका छन् । वैज्ञानिकहरू कुनै कुरामा विश्वास गर्नका लागि आफैले अनुभव र अवलोकन गरेर मात्र विश्वास गर्छन् । यसरी बुद्ध धर्मले पनि आफैले प्रत्यक्ष अनुभव नगरीकन बुद्धले भनेको, ग्रन्थहरूमा उल्लेख गरेको, ठूलो मानिसले भनेको भन्दैमा त्यसलाई आँखा चिम्लेर स्वीकार नगर्ने सुझाव दिएको छ । स्वतन्त्र चिन्तनलाई बुद्धले मान्यता दिएको छ । वैज्ञानिक सिद्धान्तमा बुद्धको भनाई धेरै नै मिलेको देखिन्छ ।

यस लोकको श्रृष्टिकर्ता ईश्वर हो, बलि दिएर पूजा गर्नुपर्छ, त्यस्तो गरेपछि मात्र ईश्वरले मनोकामना पूरा गरिदिन्छ, आदि अन्धविश्वासी कुराहरूलाई वैज्ञानिकहरूले मान्दैनन् । यी कुराहरूलाई बुद्ध धर्ममा पनि स्थान दिएको छैन । बुद्धले यस्तो कुरामा नलागी आफ्नै स्वविवेकद्वारा चित्तलाई वशमा राखी शील, समाधी र प्रज्ञाद्वारा मेहनत र परिश्रम गरी एकदिन यस्तो भयावह सांसारिक जीवनबाट सदाको लागि मुक्त हुने शिक्षा सिकाउनु भएको छ । उहाँको सिद्धान्त अनुसार हरेक मानिसहरूको जीवन सुखमय बनाउनको लागि परिवार, समाज, देश र राष्ट्रको उन्नती गर्नको लागि भगवान बुद्धले दिनुभएको सदाचारलाई पालना गर्नुपर्छ ।

सदाचार भन्नाले अरुलाई दुःख नदिने, धन हिनामिना नगर्ने, बलात्कार, भ्रष्टाचार र झूठो कुरा आदि नगरी मादक पदार्थहरू सेवन नगर्ने कुराहरूलाई जनाउँछ ।

यी सदाचारलाई राम्ररी पालन गर्नाले आफ्नो जीवन सुखमय बनाउन सक्नेछ । भगवान बुद्धका यी अमूल्य शिक्षाहरूलाई वैज्ञानिक अनुसन्धान अनुसार दाँजेर हेर्दा ठीक भएको ठहर गरी विश्वका प्रसिद्ध वैज्ञानिक डा. अल्वर्ट आइन्स्टाइनले पनि बुद्ध धर्मलाई सर्वोत्तम धर्म भनेका थिए । त्यसैले होला बुद्ध धर्मलाई आधुनिक धर्म पनि भनिन्छ ।

**भवतु सब्ब मंगलं**

# लोभि बन्नु त हुन्न है !

**✍ अ.शील गौतमी**

एउटा गाउँमा एउटी बूढी थिइन् । तिनी भने एकदमै लोभि, कन्जुसी थिइन् । तसर्थ, आफ्ना छोराहरूलाई कहीं कतै पठाउँदैनथ्यो, विशेषत पैसा खर्च गर्ने ठाउँहरूमा । तिनीहरू मात्र घरपालुवा जन्तु सरी घरकै चारदिवारीमा सीमित थिए ।

आफ्नो छोराहरूको विवाह त भए तर ती बुहारीहरू नित्य झैं नजिकको विहारमा जाने, धर्मकथा सुन्ने, दान धर्म गर्ने इत्यादि गर्दथे । यी कुरा देखेर बूढी असह्य हुन्छिन "तिमीहरूले हाम्रो घरका सम्पूर्ण सम्पत्ति नाश गर्न लाग्यौ ।" तर बुहारीहरू पनि निर्भयताका साथ भन्थे ।" तपाईको केही पनि सम्पत्ति लगेका छैनौं, हाम्रो घरबाट ल्याइराखेका मात्र लगिकन दान दिंदैछौ ।" यस्तो सुनेर बूढी निर्जवाफ एवं मौन हुन्थी ।

विस्तार-विस्तारै बुहारीहरूले आ-आफ्नो लोग्नेहरूलाई पनि फकाइ-फुल्याइ विहारमा लग्न थाले, जुन कुरा बूढीलाई मन परेको थिएन । तापनि आफूलाई छोडेर जाने आशंकाले केही भन्न सक्दिनन् । अब तिनीहरू पहिलाभन्दा धेरै नै परिवर्तन हुन्छन् ज्ञानगुणका कुरामा तिनीहरू जान्ने, बुझ्ने र बुझाउन सक्ने हुन्छन् । अनि गाउँका अन्य गाउँलेहरूलाई मरणपश्चात् केही लग्न नपाउने, पाप र पुण्य मात्र लान पाउने यथार्थ सत्य सुनाएर विहारमा लग्ने आदि गर्न थाले । किन्तु आफ्नै बूढी आमालाई भने कहिल्यै सम्झाउन सकेनन् ।

तिनी असाध्यै बूढी भइसकिन् र पनि सत्कर्ममा लाग्नु कहाँ हो, झन् घरकै भएका सम्पत्तिहरू मात्र च्यापेर कसैले लग्छ कि भन्ने डरले कहीं पनि जाँदैनथी र दान पुण्य पनि गर्दैनथी । जन्मपछि मृत्यु अनिवार्य भने झैं एकदिन ती बूढीको पनि मृत्यु भइन् किन्तु आजीवन लोभि र दानकार्य गर्न नसेकेको त्यो बूढी पिशाच योनिमा जन्म लिएछ । त्यो पिशाचको हात, खुट्टा र मुख सानो थियो किन्तु जीउ र पेट भने ठूलो थियो । जति खाएता पनि कहिल्यै पनि पेट भरिन्दैनथ्यो । सँधै भोकै भइरहन्थ्यो ।

त्यसैले, हामी पनि लोभि हुनु हुन्न, अन्यथा त्यो बूढी झैं दुर्गतीमा पतन हुन सक्छ । बरु अहिलेदेखि नै दानपुण्यमय कार्य गर्दै लानुपर्छ । किनकि मर्नुपर्ने निश्चित हुँदा-हुँदै पनि कहिले मर्छौं भन्ने कुरामा हामी अन्जान छौं । तब त, दान-पुण्य हरबखत गरिराख्नु अत्यन्त आवश्यक छ । ■



Downloaded from http://www.dhamma.digital

# नेपाःया बौद्ध साहित्यय् धम्मवती गुरुमांया न्ह्यानाच्वंगु पलाः

✍ प्रेमहीरा तुलाधर

थनिं न्ययदँ न्ह्यो वि.सं. २००६ सालय् पुज्यनिय धम्मवती गुरुमां भिंप्यदँया बैसय् थन बर्मा बिज्याना भिंप्यदँ तक्क कडा परिश्रम यायां अध्ययन याना बिज्याना वि.सं. २०२० सालय् नेपाः लिहाँ बिज्यात। नेपाः लिहाँ बिज्याना दकले न्हापां धम्मवती गुरुमांया हे छेँय् निलाति च्वना बिज्यात। अनं लगमय् भाजुरत्न शाक्यया छेँय खुलाति च्वना बिज्यात। थुगु हे इलय् गणविहारय् च्वना मस्तयत आखः ब्वंका च्वना बिज्याना च्वंम्ह सुमंगल भन्ते जापान बिज्याय् माःगुलिं धम्मवती गुरुमांयात आखः ब्वंका बिज्यायत इनाप याना बिज्यासेंलि धम्मवती गुरुमां भाजुरत्न शाक्यया छेँय् च्वना बिज्याःबले लगं ज्याःबहाःया भाजुरत्न शाक्यया प्यतय् जायेक चय्म्हं मयाक मस्तय्त बुद्ध धर्म सम्वन्धी खँत स्यने कने याना बिज्यात। थुकथं भाजुरत्न शाक्यया छेँय् च्वना बिज्याना च्वंबले धम्मवती गुरुमांया बाः नं ३०००/- दां बिया दीगुलिं थौंया धर्मकीर्ति विहारया जग्गा न्याना बिज्यायत ग्वाहालि जुल। जग्गा न्याना विहार दयेकेगु ज्या सुरु याना बिज्यायुवं वनं वनं दातापिसं चन्दा तया बिइवं विहार दय्केगु ज्या न्ह्याः वने फत। विहार दय्केगु ज्या जुया च्वंबले लगंया भाजुरत्न शाक्यया छेँय् धम्मवती गुरुमांयात विहारय् तक्क न्हिं न्हिं वय् वने याय् थाकुया तःखा छेँया दान लक्ष्मी कंसाकारया छेँय् खुलाति च्वना बिज्याना विहार दयके सिधसेंलि वि.सं. २०२२ साल बैशाखं धर्मकीर्ति विहारय् च्वंबिज्यात। थुकथं निदँया दथुइ वसपोलपिं स्वथाय् तक्क च्वना बिज्याय् माल।

थुकथं विहारय् च्वना लच्छिया न्याकः बुद्धपूजा व बाखं कनेगु ज्या नं सुरु याना बिज्यात। खला बुद्ध पूजा व बाखं कनेगु ज्या दानलक्ष्मी कंसाकारया छेँय् च्वना बिज्यासांनिसें हे सुरु याना बिज्यागु खः। तर थुगु धर्मकीर्ति विहारय् बाखं कनेगु ज्या जुसांनिसें आपालं उपासक उपासिकापिन्त बाखं न्यनेगु मौका दत। नापं सुयां छेँय् बाखं कंकेगु परित्राण पाठ याकेगु इच्छा जूसां वसपोलपिं बिज्याना परित्राण पाठ व बाखं कनेगु नं याना बिज्याना च्वन।

छन्हु नेपालभाषा साहित्यया तसकं नां दंम्ह महाकवि साहित्य शिरोमणि कविकेशरी चित्तधर हृदयजु विहारय् भाया च्वनादीबले धम्मवती गुरुमां नापया खँल्हाबल्हाय् वयकलं गुरुमांयात बाखं कनेगु धैगुला न्यन लोमन जुइ, छपा, न्हाय्पनं न्यना छपा न्हाय्पनं त्वःता छ्वइ। उकिं छलपोलं च्वया बिज्याय् माल धका वयकलं इनाप याना दिइवं वसपोल धम्मवती गुरुमा नं च्वया बिज्यागु खः। थुगु घटनां याना वसपोल गुरुमांयात बाखँ जक कनां छुयाय्, च्वया ल्यंका थके फत धाःसा न्ह्याबलें जिइ, अले थः बाखं कंवने मफुथाय् नं सफू थ्यना बुद्ध धर्मया प्रचार जुइ धैगु मती वना च्वय्गु सुरु याना बिज्यागु खः। उकिं वसपोलं "जितः च्वसु, सफू च्वय्गुलिइ घ्वानादीम्ह, प्रेरणा बिया दीम्ह महाकवि चित्तधर हृदयजु खः" धका कना बिज्यागु दु। थुकथं वसपोल धम्मवती गुरुमांनं चित्तधर हृदयजुया इनाप कथं व अश्वघोष भन्तेनं छं च्व जक च्व जिं प्रेसय् यंका छापय् याका बिइ धका धया बिज्यायुवं च्वय्गु सुरु यानागु खः धका वसपोल गुरुमां नं धया बिज्यागु दु। नापं थनया मनूतय् नुगलय् चेतना थने मानिगु व मथुया च्वंपिसं ज्ञानया खँ थुइके फै धैगु उद्देश्यं नं जिं च्वयागु खः धका धया बिज्यागु दु।

थुकथं २०२२ सालं धर्मकीर्ति विहार स्थापना याना धम्मवती गुरुमां लगायत बर्माया मागुणवती गुरुमां रत्नमञ्जरी गुरुमांपिं च्वना बिज्याना, बुद्धपूजा, उपदेश कार्यक्रम न्ह्याका च्वना बिज्यात। थुगु इलय् नेपाः देया मनूतय्के बुद्ध धर्म सम्वन्धि ज्ञान आपालं म्हो जूगुलिं बुद्ध धर्मया प्रचार प्रसार याना सकसितं भिंगु लँय् छ्वय्गु विचालं वि.सं. २०२८ साल जेष्ठ ७ गते युवकयुवती तय्गु छगू संगठनात्मक पुचः धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया संस्थापन याना बिज्यात। थुगु संस्था नीस्वनेगुली धम्मवती गुरुमांया नापनापं पूज्यनिय अश्वघोष भन्तेया नं योगदान उलि हे दु। थनिं थ्यों मथ्यों २८ दँ दय् धुंकूसां थुगु अध्ययन गोष्ठीया साप्ताहिक ज्याझ्वः न्हयाकेगुली नं वसपोलपिनिगु आपालं देन दु। खला ज्याझ्वः न्ह्याकेगुली मेमेपिं गुरुमां, भन्तेपिं व अध्ययन गोष्ठीया सदस्यपिनिगु नं आपालं हे ग्वाहालि दु। अथे खयानं धम्मवती गुरुमां व अश्वघोष भन्तेपिंसं थौंतक अटुटरुपं ग्वाहालि याना वयाच्वना बिज्यागु दु।

थुगु धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया विभिन्न उद्देश्यत मध्ये छगू सफू, पत्रपत्रिकाया प्रकाशन नं खः। थुगु ज्याय् नं वसपोलपिंसं आपालं हे ग्वाहालि बिया बिज्याना च्वंगु दु। प्रस्तुत च्वसुइ धम्मवती गुरुमांया आतक पिदंगु सफू व च्वसूया प्रकाश याय्गु प्रयास



Downloaded from http://www.dhamma.digital

यानागु दु । फत्तिंफत्तले वसपोलया च्वसु व सफू माला थुगु च्वसुइ दुथ्याकेगु कुत: यानागु जूसां धर्मकीर्ति प्रकाशनपाखें सफू व च्वसु जक दुथ्याके फुगु दु । वसपोल गुरुमांनं गुलि च्वया बिज्यागु ख: उकिया रिकर्डला तयाबिज्यागु मदु तर न्हापा यलं पिदनीगु पत्रिकायात माल धाइबले बिइगु याना बिज्यानागु खँ वसपोलं हे कना बिज्यागु दु । अले व च्वसुत छु पत्रिकायात बिया बिज्यागु ख: व वसपोलं लुमंका बिज्याय् मफुगुलिं वसपोलया न्हापान्हापाया च्वसुत थुकी दुथ्याके मफुत ।

खला वसपोलया छुं नं च्वसु व सफू प्रकाशनय् वयन्त्यो आपालं हे उपदेशया रुपय् कना बिज्याय् धुंकूगु ख: । नेपा: देशय् बुद्ध धर्मया प्रचार याय्गु व थनया मस: मस्यू जुयां च्वंपिं मनूतय्त सय्का सिइका बोध याय्गु वसपोलया त:धंगु इच्छा ख: । थ्वहे लक्ष्य ज्वना न्ह्याज्याज्यां बर्माय् अध्ययन याना बिज्याना विदेशी मिसापिं मध्यय् न्हापांम्ह "सासनधज धम्माचरिय" उपाधि हासिल याना वि.सं. २०२० सालय् नेपा: लिहाँ बिज्यासांनिसें थौंतक वसपोलया म्हुतुप्वा: सुंक च्वना बिज्यागु मदु । छुं नं छुं धर्मदेशना याय्गु, सफू च्वय्गु, च्वसु च्वय्गु, थ:म्हं स्यूगु खँ कनेगु, विहार निर्माण याय्गु आदि ज्याय् हे वसपोलया न्हि ब्वाँय् वनाच्वंगु दु । फल स्वरूप वसपोलया कर्म अनुसारया फल प्राप्त हे जुया च्वंगु दु । ने.सं. १११६ पोहेलागा दुतिया (२०५२ साल पौष २३ गते) वसपोलयात स्वयम्भू ज्ञानमाला भजन खल:" पाखें "रत्नवत सिरपा:" ल:ल्हा:गु दु । अथे हे १९९२ जनवरी ४ तारिखय् बर्मी सरकारपाखें "अग्ग महागन्थ वाचक पण्डित" धैगु पदवीं वसपोलयात छाय्पिल । बर्माय् आख: ब्वना बिज्यानाथें नेपालय् बुद्ध धर्म प्रचार याना बिज्यागुलिं थ्व पदवी देछा:गु ख: । थौकन्हे नं वसपोल भिक्षुणी संघया उपाध्यक्ष जुया मा:गु ज्याय् न्ह्यज्याना बिज्यागु दु । भी सकस्यां स्यू वसपोल नेपा: बिज्यागु दु । भी सकस्यां स्यू वसपोल नेपा: बिज्याय् न्ह्यो व लिपा थनया बुद्ध धर्मया स्थितिइ आपालं ह्यूपा: व:गु दु । वसपोलया जक हे थौंतक अर्थात् थ्व हे ने.सं. १११९ गुरुपुन्हीतक नेपालभाषाया ५१ गू व नेपाली भाषाया १८ गू सफू पिदने धुंकूगु दु । नापं वसपोलया च्वसुत नं थौंतक पिदना च्वंगु दु । वसपोलं च्वया बिज्यागु सम्पादन याना बिज्यागु अले अनुवाद याना बिज्यागु प्रकाशित सफूया धल: क्वय् बियाथें ख: ।

*(बाँकि लिपाया अंके)*

❁ समाचार ❁

## पुरस्कार वितरण

असोज ७ गते, ललितपुर । सिद्धिमंगल बुद्ध विहारया बु.सं. २५४२ य् परियत्ति प्राइभेट परिक्षाय् उत्तीर्ण जूपिं विद्यार्थीपिन्त श्रद्धेय बुद्धघोष महास्थविरजुं पुरस्कार ल:ल्हाना बिज्यात ।

यल उप-महानगर पालिकाया मेयर भाजु बुद्धिराज बज्राचार्य मूपाहाँ जुयादीगु थुगु ज्याझ्व: स, विहारया उप-सचिव मंगलदास महर्जनं लसकुस न्वचु बियादीगु ख: । केन्द्रया अध्यक्ष विमला शाक्यं प्रतिवेदन न्ह्यब्वयादीगु ख:सा केन्द्रया उपाध्यक्ष बुद्धिबहादुर महर्जनं सुभाय् न्वचु बियादीगु ख: ।

केन्द्रया शिक्षिका अनगारिका ञाणवती, गाउँ विकास समितिया उपाध्यक्ष बलराम महर्जनपिसं थ:गु न्वचु प्वंकादीगु ख: ।

थुगु वर्षे कक्षा एक व दुई याना जम्मा २२ म्ह विद्यार्थीपिं उत्तीर्ण जूगु दु ।

ज्याझोले उपस्थित सकलसित जलपानया व्यवस्था उपासिका लक्ष्मी महर्जनं यानादीगु ख: ।

**२०५६ आश्विन २९ गते । यल**

बौद्ध ज्ञानमाला भजनया न्ह्यलुवा एवं संगीतज्ञ स्व. कान्छाबुद्ध बज्राचार्यया लुमन्ती छगू त:जिक बिचा: मुँज्या तारेमाम संघ नागबहाया ग्व:सालय् क्वचाल ।

उगु बिचा मुँज्यास ज्ञानमाला सफूया बुद्ध वन्दना व पंचशील प्रार्थना भजन याना न्ह्या:गु उगु ज्याझ्वले १२ गू ज्ञानमाला भजन खल:पाखें मदया वोंम्ह स्व. कान्छाबुद्ध बज्राचार्यजुया किपाय् श्रद्धा स्वाँ देछागु ख: ।

लिसें प्रा. आशाराम शाक्य, सत्यमोहन जोशी, भिक्षु सुदर्शन महास्थविर, धर्मरत्न शाक्य 'त्रिशूली' व रत्नबहादुर बज्राचार्यपाखें वसपोलया योगदान बारे न्ववाना बिज्यागु ख: ।

उगु सभाया नायो भाजु बोधिरत्न धाख्वाजुया बिज्यागु ख: । ज्याझ्वलय् स्व. कान्छाबुद्धजुं हे चिना त:गु लय् व आख: ग्व:या भजन म्ये छपु हेराकाजी शाक्यं न्ह्यबोगु दुसा नागवहा दिल्कोपाखें दुर्गति धारणी नं पाठ जूगु दु ।


Downloaded from http://www.dhamma.digital

**धम्मवती अभिनन्दन समारोह**

२०५६, कार्तिक ६ गते, शनिवार । स्थान- श्रीघ:, न:घल ।

धम्मवती गुरुमाँ प्रव्रजित हुनु भएको ५० वर्ष पूरा भएको शुभ उपलक्ष्यमा उहाँलाई विभिन्न संघ-संस्थाहरूले अभिनन्दन गरी एक भव्य अभिनन्दन समारोह सम्पन्न गरिएको छ । अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष भिक्षु कुमार काश्यपको सभापतित्त्वमा सम्पन्न उक्त समारोहमा पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति गिरीजा प्रसाद कोइरालाले बुद्ध धर्मको प्रचार प्रसार लगायत सामाजिक तथा साहित्यिक क्षेत्रमा समेत विशिष्ट योगदान पुऱ्याउनु हुने व्यक्तित्त्व धम्मवती गुरुमाँलाई ३९ वटा विभिन्न संघ संस्थाहरूले तयार पारिएको एक सामूहिक अभिनन्दन पत्र प्रदान गर्नुका साथै दोसल्ला ओढाई सम्मान गर्नुभएको छ ।

विक्रम सम्वत् १९९१ आषाढ पूर्णिमाका दिन ललितपुरको एक साधारण परिवारमा जन्मनुभई २००९ साल भाद्र २९ गते खेमाराम नन्स स्टडी सेन्टर मोलमिन म्यान्मारमा भर्ना भई बुद्ध धर्म अध्ययन गर्नुहुने धम्मवती गुरुमाँले २०१९ साल मार्ग १७ गते "शासन धज धम्माचरिय" उपाधि हासिल गर्नुहुने उहाँ पहिलो नेपाली र म्यानमारमा पहिलो विदेशीको रूपमा प्रस्तुत हुनुभएको थियो ।








Downloaded from http://www.dhamma.digital

वि.सं. २०२० सालमा म्यानमारबाट नेपाल फर्कनु भई वि.सं. २०२२ सालमा धर्मकीर्ति विहार स्थापना गर्नुभई धर्म प्रचार कार्यमा निरन्तर लाग्नु भएकी धम्मवती गुरुमाँले लुम्बिनीको गौतमी विहार, बनेपाको अनगारिकाराम, धर्मकीर्ति विश्व शान्ति विहार, भारतको सारनाथमा नेपाली बुद्ध विहार लगायत थुप्रै अन्य विहारहरू स्थापना गर्नु भएको छ।

म्यानमार सरकारबाट शासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित र नेपालका अन्य विभिन्न उपाधिबाट सम्मानित भिक्षुणी धम्मवतीले नेपालभाषामा ४० वटा र नेपाली भाषामा ३ वटा बौद्ध पुस्तकको लेखन, सम्पादन तथा अनुवाद समेत गरिसक्नु भएको छ।

भिक्षु बुद्धघोष महास्थविरबाट पञ्चशील प्रार्थना गराउनु भई श्रीघः ज्ञानमाला भजन खलःबाट ज्ञानमाला भजन गरी शुरू गरिएको उक्त समारोहमा सहभागी हुनु हुने महानुभावहरूलाई धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष अगम्यरत्न कंसाकारले स्वागत भाषण गर्नुभएको थियो। स्वागत भाषणको क्रममा उहाँले कोटेश्वरको तीनकुनेमा बुद्ध मूर्ति निर्माण गरिने भन्ने श्री ५ को सरकारको वचनबद्धतालाई साकार पार्न सम्बन्धित निकायले सकेसम्म छिटो कदम चाल्नु पर्ने गुनासो पोख्नु भएको थियो।

समारोहमा बौद्ध महिला संघका सचिव वीणा कंसाकारले धम्मवती गुरुमाँको व्यक्तित्व र परिचय प्रस्तुत गर्नुभएको थियो।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका धर्मानुशासक भिक्षु अश्वघोष महास्थविरले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा बुद्ध जन्मस्थल लुम्बिनीमा भत्काइएको मायादेवी मन्दिरलाई सकेसम्म छिटो निर्माण गर्नुपर्ने कार्यलाई विशेष जोड दिनुहुँदै श्री ५ को सरकारको जिम्मेवारीलाई प्रकाश पार्नु भयो। यसै क्रममा उहाँले धम्मवती गुरुमाँको समाज सुधार कार्यमा विशेष देन अगाडि सार्नुहुँदै भन्नुभयो– "समाजले पानी नचल्ने जात भनी हेला दृष्टिले हेरिने कुचिकारनीलाई धम्मवती गुरुमाँले दिनहुँ विहारभित्र बोलाई चिया खुवाउँदै भन्नुहुन्छ – समाजले ठूलो जात कहलाइएको व्यक्तिहरूले गरिएको फोहरलाई एक कुचिकारले सफा गरिरहेको हुन्छ। फोहर सफा गर्ने त्यस व्यक्तिलाई नै समाजले पानी नचल्ने तल्लो जातमा राखिएको छ। तर न्यायले र धर्मको दृष्टिले हेर्ने हो भने जसले राम्रो काम गर्छ, त्यो ठूलो जातको हुन्छ, जसले फोहर गरी नराम्रो कार्य गर्छ त्यो नीच जातीको हुन्छ।"

युवा खेलकूद तथा सँस्कृती मन्त्री शरदसिंह भण्डारीले आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा लुम्बिनीमा मायादेवी मन्दिरको पुनः निर्माणका लागि सम्झौता भए बमोजिम जापानिज बुद्धिष्ट फेडरेशनले यही अक्टोबरको अन्तसम्ममा मन्दिर निर्माण गर्ने अन्तिम मिति किटान नगरेमा श्री ५ को सरकार स्वयंले कार्तिक पूर्णिमादेखि सो मन्दिरको निर्माण शुरू गर्ने वचनबद्धता व्यक्त गर्नुभयो। यसै क्रममा उहाँले विश्व शान्तिको मुहानको रूपमा लुम्बिनीलाई विकास गर्न आधारभूत संरचनाहरूको निर्माण गर्नुपर्ने आवश्यकता माथि जोड दिंदै लुम्बिनी विश्वकै सम्पत्तिको रूपमा मान्यता प्राप्त भएपनि यसको संरक्षण र सम्बर्द्धन गर्ने पहिलो दायित्त्व हाम्रो हो भनी कर्त्तब्य बोध गर्नुभयो।

उक्त सभामा धम्मवती गुरुमाँले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो–

५० वर्षसम्म बुद्ध शासनमा आफ्नो जीवन अर्पण गर्न पाएकोले मैले आफूलाई अहोभाग्य ठान्दछु। यसलाई संभव बनाउनमा प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा गुरुहरू, धर्ममित्रहरू, शुभचिन्तक दायक दायिकाहरूले सहयोग गर्नुभएकोले उहाँहरू सबैप्रति कृतज्ञता ज्ञापन गर्दछु।

श्रद्धेय बुद्धघोष भन्तेबाट बुद्ध धर्मको प्रारम्भिक शिक्षा प्राप्त गरी बुद्ध शिक्षाको अध्ययन गर्ने र नेपालमा बुद्ध शिक्षा प्रचार प्रसार गर्ने, एवं नारी वर्गको उत्थानका लागि क्रियाशील बन्ने भावनाले वि.सं २००६ सालमा प्रव्रज्या ग्रहण गरें। श्रद्धेय बर्मेली भिक्षु उ. धम्मावुधको सहयोगमा कठिन यात्रा गरी बर्मा पुगें। त्यसपछि बर्मेली गुरुहरू, बर्मेली जनता एवं बर्मी सरकारको आत्मिय सहयोग पाएर १४ वर्षसम्म बर्मामा बुद्ध शिक्षा अध्ययन



Downloaded from http://www.dhamma.digital

गरी नेपालमा बुद्ध शिक्षा प्रचार प्रसार एवं नारी वर्गको उत्थानका लागि कार्य गर्ने अभिलाषा बोकी मा. गुणवती गुरुमाँका साथ वि.सं. २०२० सालमा नेपाल फर्कें। त्यसपछि दायकदायिकाहरूको सहयोगमा वि.सं. २०२२ सालमा धर्मकीर्ति विहार स्थापना भयो। त्यसबेला देखि अहिलेसम्म जति सेवा गर्न सकेको छु, यहाँहरू सबैको प्रेरणा, सहयोग र सद्भावनाबाट नै हो र अझ धेरै कार्यहरू गर्न बाँकी नै छ।

"अन्त्यमा तपाईंहरू सबैलाई हार्दिक धन्यवाद दिँदै तपाईंहरूको सुख, सुस्वास्थ्य र दीर्घायु एवं मानव कल्याण कार्यमा सँधै लागिरहन सकोस् भन्ने शुभकामना पनि व्यक्त गर्दछु।"

नेपाली कांग्रेसका सभापती एवं पूर्व प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै कोटेश्वरको तीनकुनेमा खाली रहेको जग्गा यदि जग्गा धनीहरूले सर्वोच्च अदालतमा दिएको मुद्दा फिर्ता लिएर निःशुल्क जमिन दान दिन मञ्जुरी गरेमा तुरुन्त बुद्ध प्रतिमा निर्माण हुने दृढता व्यक्त गर्नुभयो। स्मरणिय छ यस अघि पनि दुईवटा यस्तै सम्मेलनहरूमा उहाँले त्यस स्थानमा बुद्ध प्रतिमा स्थापना गरिने घोषणा गर्नुभएको थियो।

विश्वमा नेपाल नै एकमात्र धार्मिक सहिष्णुताको देश रहेको कुरा बताउनु हुँदै पूर्व प्रधानमन्त्री कोइरालाले लुम्बिनीको विकास भन्नु नै नेपालका सबै धर्म एउटै छातामुनि अटाउनु हो भन्नुभयो। उहाँले अगाडि भन्नुभयो– "बुद्ध जन्मस्थल लुम्बिनी नै हो भन्ने कुरो प्रष्ट रहेकोले आज लुम्बिनीको विकास गर्नु भनेको नै राष्ट्रिय गौरव बढाउनु हो।" आजको आधुनिकवाद विश्वमा बुद्ध धर्मको शान्ति सन्देशबाट राष्ट्र एवं विश्वमा नै जनकल्याण हुन सक्ने चर्चा गर्नुहुँदै श्री कोइरालाले राजनीतिमा भौतिकवादका साथै अध्यात्मवादको पनि उत्तिकै जरूरी छ भन्नुभयो। उहाँले भगवान बुद्धको चिन्तन विचार एवं उपदेशलाई हामी सबैले अनुशरण गरी विश्वभरी नै फैलाई सबैले आफ्नो विवेकलाई पूर्ण सदुपयोग गर्न सक्यौं भने समाजमा शान्ति स्थापना हुने विचार पनि व्यक्त गर्नुभयो।

उक्त समारोहमा युवा बौद्ध समूहका अध्यक्ष शान्तरत्न शाक्यले धन्यवाद ज्ञापन गर्नुभयो।

सभापतिको आशनबाट बोल्नु हुँदै भिक्षु कुमार काश्यपले भन्नुभयो–

श्री ५ को सरकारको मातहतमा लुम्बिनी विकास कोषले लुम्बिनीमा अवस्थित मायादेवीको मन्दिर अझै पुनः निर्माण गर्न नसक्नु, धर्मोदय सभाले लुम्बिनीमा निर्माण गर्ने भनिएको गुम्बा-विहार निर्माण कार्य अझै सम्पन्न गर्न नसकिएको जनगुनासोको बावजूद पनि आर्या धम्मवतीले अथक प्रयास गरी लुम्बिनीमा गौतमी विहार निर्माण कार्य पूरा गरी प्रशंसनिय कार्य गरेको कुरा स्मरणीय रहनेछ।

आज हामी सबैको हृदयमा धर्मप्रीति जगाउँदै वर्तमान नेपालको बुद्धशासनमा एउटी अग्रणी व्यक्तित्वका धनी अग्गमहागन्थवाचक विदुषी धम्मवतीलाई शासनिक कार्यमा टेवा पुऱ्याउँदै जान सुख समृद्धि, उत्तरोत्तर उन्नति, प्रगति एवं अभिवृद्धिको कामना गरौं।

उक्त समारोहमा मन्त्रीहरू, म्यानमारका राजदूत, सांसदहरूका साथै थुप्रै उपासक उपासिकाहरूको उपस्थिति थियो। अन्य भक्तजनहरूले पनि गुरुमाँलाई विभिन्न उपहारहरू चढाएका थिए।

गुरुमाँलाई विभिन्न संस्थाहरूले चढाएका अभिनन्दन तथा उपहारहरू :

| *संस्थाको नाम* | *उपहारहरू* |
|---|---|
| (१) सुगतपुर विहार दायक परिषद | - अभिनन्दनपत्र |
| (२) धर्मकीर्ति पुलां पासा पुचः | - अभिनन्दनपत्र |
| (३) ३९ वटा विभिन्न संस्था समूह | - अभिनन्दनपत्र |
| (४) ज्यापु महागुठी | - अभिनन्दनपत्र |
| (५) धम्मावास विहार परिवार | - अभिनन्दनपत्र |
| (६) अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र | - अभिनन्दनपत्र |
| (७) बौद्ध महिला संघ, नेपाल | - फ्रेम (बुद्धको लुम्बिनी यात्रा) |
| (८) सुलक्षण कीर्ति विहार, चोभार | - अभिनन्दनपत्र |
| (९) महिला बौद्ध समूह | - अभिनन्दनपत्र |
| (१०) धर्मशीला बुद्ध विहार पोखरा | - अभिनन्दनपत्र |
| (११) अखिल नेपाल महायान बौद्ध समाज | - अभिनन्दनपत्र |
| (१२) म्यानमा निपो च्याउँ (दो. गुणवती) | - अभिनन्दनपत्र |
| (१३) विश्व शान्ति स्तूप समिति, पोखरा | - अभिनन्दनपत्र |
| (१४) थेरवाद बौद्ध दायक केन्द्रिय परिषद | - अभिनन्दनपत्र |


Downloaded from http://www.dhamma.digital

| | |
|---|---|
| (१५) केन्द्रिय मानन्धर संघ | - अभिनन्दनपत्र |
| (१६) बुद्धिष्ट कम्युनिकेशन सेन्टर | - अभिनन्दनपत्र |
| (१७) अन्तर्राष्ट्रिय भिक्षुणी संघ, नेपाल | - अभिनन्दनपत्र |
| (१८) आनन्दकुटी दायक सभा | - अभिनन्दनपत्र |
| (१९) आनन्द व कर्ण परिवार | - अभिनन्दनपत्र |
| (२०) अ. धर्मरक्षिता संघाराम विहार | - अभिनन्दनपत्र |
| (२१) धर्मकीर्ति विहार संरक्षण समिति | - स्टिल दराजको साँचो |
| (२२) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | - नगद |
| (२३) चित्रकार पुं समाज | - तस्वीर |
| (२४) नेपालभाषा मंका: खल: | - फ्रेम |
| (२५) तमु बौद्ध सेवा समिति | - बट्टा |
| (२६) श्रीघ: ज्ञानमाला भजन खल: | - भजन खल:को लोगो |
| (२७) बसुन्धरा संरक्षण सम्बर्धन सुधार संघ | - चाँदीको फ्रेम |
| (२८) युवा बौद्ध समूह | - भित्ते घडी |
| (२९) युवक बौद्ध मण्डल | - संस्थागत लोगो |
| (३०) ज्ञानमाला भजन खल: स्वयम्भू | - स्वयम्भू चैत्य |
| (३१) जनजाती महासंघ | - फ्रेम |
| (३२) धर्म चक्र विहार | - चाँदीको बौद्ध झण्डा |
| (३३) बज्राचार्य संरक्षण गुठी | - बुद्ध मूर्ति |
| (३४) धर्मोदय सभा | - स्वयम्भू चैत्य |
| (३५) नेपालभाषा परिषद | - ज्वला न्हायकं |
| (३६) नेपालभाषा मिसा खल: | - संस्थागत लोगो |
| (३७) यशोधरा विहार (माधवी गुरुमाँ) | - नगद |
| (३८) इला विहार (निक्खमी) | - नगद व परित्राण पुस्तक |
| (३९) धम्मवती गुरुमाँ (शिष्य समूह) | - धर्म आशन, टेबल |
| (४०) धर्मकीर्ति विहार परिवार र उपासकोपासिकाहरू समूह | - कल्पबृक्ष २ वटा |
| (४१) २८ वडा वासी | - फ्रेम |
| (४२) करूणामय पुजा खल: | - करूणामय मूर्ति |
| (४३) अष्टमाया पुच: | - स्वयम्भू चैत्य |
| (४४) लक्ष्मीनानी न्यत पुच: | - बुद्ध मूर्ति |
| (४५) धर्मकीर्ति बुद्ध पूजा पुच: | - बुद्ध मूर्ति |
| (४६) होटल कान्तिपुर | - स्वयम्भु चैत्य |
| (४७) होटल न्यू गजूर | - बुद्ध मूर्ति |

माथि उल्लेखित संस्थागत उपहारहरू र अभिनन्दन पत्रहरू बाहेक अन्य थुप्रै ब्यक्तिहरूले ब्यक्तिगत उपहारहरू पनि धम्मवती गुरुमाँलाई चढाइएका छन्।

धम्मवती अभिनन्दन समारोह समितिको आयोजनामा आयोजित उक्त समारोहमा श्रीमती कीर्ति तुलाधरले कार्यक्रम संचालन गरेकी थिइन्। ■

## चारप्रकारका पुग्गलहरू

२०५६ भाद्र १२ गते। यस दिन विपश्यना आचार्य नानीमैया मानन्धरज्यूबाट चार प्रकारका पुग्गलहरू विषयमा प्रवचन गर्नुभएको थियो। प्रवचनको क्रममा उहाँले भन्नुभयो-

"बुद्धले मनुष्य जातीलाई ४ प्रकारका पुग्गलमा विभाजन गर्नु भएको छ।

(१) उघाति तञ्ञु पुग्गल (२) विपञ्चि तञ्ञु पुग्गल (३) नय्य पुग्गल र (४) पदपरम पुग्गल।

(१) उघाति तञ्ञु पुग्गल र विपञ्चि तञ्ञु पुग्गल बुद्ध लोकमा उत्पत्ति हुने बेलामा मात्र जन्म हुन्छन्। उघाति तञ्ञु पुग्गलहरू बास्तविक गुरुको भेट गरी गुरुबाट वास्तविक शिक्षा प्राप्त गरी अरहन्त हुन्छन्। यी पुग्गलहरूले २ असंख्य र १/२ लाख कल्प पारमिता पुरा गरेका हुन्छन्। त्यसैले यिनीहरूले अरहत्त्व फल प्राप्त गर्न त्यति मेहनत गरिरहनु पर्दैन।

(२) तर विपञ्चि तञ्ञु पुग्गलहरूको बुद्धि त्यति तिक्ष्ण हुँदैन। उनीहरूलाई बुद्ध स्वयम्ले धर्मदेशना गरी शिक्षा दिनु भएपनि यिनीहरूले अरहत्त्व फल प्राप्त गर्न बढि मेहनत गर्नु पर्छ। मेहनत गरे अनुसार यिनीहरूले मुक्तिफल प्राप्त गर्छन्।

(३) नय्य पुग्गलहरू तिहेतुक पतिसन्धिमा जन्म लिने भएकोले यिनीहरू अति बुद्धिमानी हुन्छन्।

(४) पदपरम पुग्गलहरूले विहारमा गई धर्म सम्बन्धी ज्ञानगुणका कुराहरू सुन्ने गर्छन् र धार्मिक कार्यहरू पनि गर्छन्। तर यिनीहरूले यही जन्ममा मुक्ती प्राप्त गर्न सक्दैनन्। यस जन्ममा गरेको पुण्य फलको प्रभावले यिनीहरूले अर्को जन्ममा अरहत्त्व फल प्राप्त गर्छन्। त्यसकारण यो जन्ममा गरेको पुण्यले केही हुँदैन भनी नबसी अहिले सक्दो पुण्य गरेर पुण्य कमाउनु पर्छ।

यस दिन ध्रुव स्थापितले क्लास सञ्चालन गरी तारा डंगोलले रिपोर्टिङ्ग गर्नु भएको थियो।



Downloaded from http://www.dhamma.digital

## बुद्धको द्वन्दवाद

२०५६ भाद्र २६ गते । यसदिन शोभियत रत्न तुलाधरले "बुद्धको द्वन्दबाद" विषयमा प्रवचन गर्नु भएको थियो ।

उहाँले भन्नुभयो - "द्वन्द भन्नाले दुई पक्षहरूको बिचमा हुने संघर्ष हो । यो प्रकृतिको नियम हो । संसारको उत्पत्तिकालदेखि जीव निर्जीव दुबैमा अन्तरविरोध नियम चलिरहेको हुन्छ । जड वस्तु, वनस्पति प्राणी अर्थात् ATOM AMIBA देखि सबै प्रकृतिको नियमानुसार चल्ने गर्छ ।

प्रकृतिमा MATTER र ENERGY, शरीरमा BODY र MIND, भौतिक शास्त्रमा POSITIVE र NEGATIVE, रशायन शास्त्रमा ASSOCIATION र DESOCIATION, समाजमा शोषक र शोषित भए जस्तै हरेक क्षेत्रमा पनि दुई पक्षहरू हुन्छन् । यी दुई पक्षहरूको बीच हुने अन्तरबिरोधको अध्ययन नै द्वन्दवाद हो । यी द्वन्दवादबाट ३ नंको तत्त्व निस्कन्छ । यो द्वन्दवादको नियम हो । उदाहरणको लागि दुई प्रकारका रंगहरू एक ठाउँमा मिसाएपछि अर्कै नयां रंग निस्किने गर्छ । हाइड्रोजन+अक्सिजन=पानी भएजस्तै दुई द्वन्दहरूले अर्कै नयाँ तत्त्व उत्पत्ति गर्ने गर्छ ।

मानिसहरू पनि बालक - युवा - अधबैंशे - बुढाबुढी भई अन्त्यमा मृत्यु हुने गर्छ । जहाँ उत्पत्ति हुन्छ, त्यहाँ विनाश पनि हुन्छ । उत्पत्ति भएदेखि विनाश भएसम्म जति पनि परिवर्तन स्वभावहरू भइरहन्छन्, त्यसलाई हामीले थाहापाइराख्नु पर्छ । विपश्यना ध्यान योगीहरूले हाम्रो शरीरमा भइरहेको विद्युती तरंगहरूलाई अध्ययन गर्न सक्छन् । हामीलाई रूघा खोकी मात्र लाग्दा पनि त्यहाँ कीराहरूको बीच संघर्ष भएको हुन्छ । जस्तो खाना खाइन्छ त्यस्तै चित्त उत्पन्न हुने गर्छ र त्यस्तै शरीर पनि बन्ने गर्छ । पञ्च इन्द्रियबाट जुन ग्रहण गरिन्छ, त्यही अनुसारको मन हुने गर्छ ।

द्वन्दवादलाई बुझेर त्यसलाई राम्ररी प्रयोग गर्न सकेमा मात्र कार्य सफल हुनेछ । द्वन्दवादलाई बुझ्नलाई बुद्धको प्रतित्य समुत्पाद, अनित्य, दुःख र अनात्म, चतु आर्यसत्य आदिलाई बुझ्न सक्नु पर्छ । आफ्नो शरीरलाई दुःख दिने र यही शरीरलाई मोज मज्जा गराउने कार्यतिर मात्र लागेको खण्डमा हाम्रो जीवन सफल बन्न सक्दैन । उग्रवादीहरू पनि छिटो लोप भएर जान्छन् । काम नगर्नेहरू पनि छिटो लोप भएर जान्छन् । मध्यम मार्ग अपनाउनका लागि सम्यकशील, सम्यक समाधी र सम्यक प्रज्ञा आवश्यक हुन्छ ।

यस दिन ज्ञानेन्द्र महर्जनले कक्षा संचालन गर्नु भएको थियो ।

**२०५६ आश्विन १ गते ।**

यसदिन श्रद्धेय दो गुणवती गुरुमांले प्रवचन दिनुहुँदै भन्नुभयो - "एक सुखी मानिसको जीवन सफल बनाउनको लागि उसले त्रिशरण सहितको पंचशील पालन गर्नु पर्छ । त्रिशरण भनेको बुद्ध, धर्म र संघको शरणमा जानु हो । पंचशील पालन गर्नु भनेको (१) प्राणी हिंसा नगर्नु (२) अर्काको चीज वस्तु र सम्पत्ति नसोधीकन (चोरेर) नलिनु । (३) ब्यभिचार र भ्रष्टाचार नगर्नु (४ भूठो कुरो नबोल्नु (५) आफ्नो शरीरलाई बेहोश पार्ने पदार्थ (जाँड रक्सी, गाँजा र लागु पदार्थ आदि) सेवन नगर्नु हो ।

यसरी नै भगवान बुद्धले भिक्षु जीवन सफल पार्नको लागि पनि विभिन्न नियमहरू क्रमैसंग बनाउनु भएको छ । कुनै घटना घटेपछि सो घटनाको कारणले फेरि पनि त्यस्तो नराम्रो घटना दोहरिन नदिनको लागि नियम बनाउँदै जानु भएको विभिन्न बुद्धकालीन घटनाहरूले देखाएको छ ।

भगवान बुद्धले देशना गर्नुभएको ३८ वटा मंगलहरू मध्ये "गारवो च निवातो च सन्तुट्ठि च कतञ्ञुता कालेन धम्मस्सवण एतं मंगल मुत्तमं"

अर्थात् गौरव राख्नु, विनम्र हुनु सन्तुष्ट बन्नु, कृतज्ञी बन्नु र समय समयमा धर्म श्रवण गर्नु पनि उत्तम मंगल हो । त्यसैले हामीले समय समयमा भगवान बुद्धको शिक्षा अथवा उपदेश सुन्ने गर्नु पर्छ । शिक्षा ग्रहण गरे अनुसार आफ्नो आचरण पनि सुधार्दै लानुपर्छ । शिक्षा लिनु भनेको नै हामी सभ्य बन्नको लागि हो ।"


### नां तनाच्वना

**वर्ष १७ अंक ७ खय् भिक्षुणी धम्मवती यात भिन्तुना देछानागु विज्ञापनय् त्वफ्यूपिनिगु नां तनाच्वना**

1. अमृत बहादुर शाक्य
2. दिपक रत्न शाक्य
3. अमीरकुमारी शाक्य
4. धन भाजु मुनिकार
5. जुजुमान महर्जन
6. नीलमान सिंह तुलाधर
7. एश्वरी लक्ष्मी तुलाधर
8. सुमन प्रभा तुलाधर




Downloaded from http://www.dhamma.digital

## गुंला धर्मदेशना

२०५६ साल श्रावण २७ भाद्र २५ गतेसम्म श्री सिद्धिमंगल बुद्ध विहारको आयोजनामा सिद्धिपुर थसि वडा नं ६ पिन्ननि टोलमा गुंला धर्मदेशना भएको थियो । धर्मदेशना गर्नु हुने भिक्षु र गुरुमाँहरूको नामावली यस प्रकार रहेको छ ।

(१) भिक्षु अश्वघोष (२) भिक्षु बोधिज्ञान (३) भिक्षु भद्दिय (४) भिक्षु सुमेध (५) भिक्षु अनोमदस्सी (६) भिक्षु कीर्ति ज्योति (७) भिक्षु वरसम्बोधि (८) उ सुजन पिय सयादो बर्मा (९) भिक्षु शोभन (१०) भिक्षु डा. सुनन्द (११) भिक्षु संघरक्षित (१२) कुशुम गुरुमां (१३) त्राणवती गुरुमां (१४) अनुपमा गुरुमां (१५) अभय गुरुमां (१६) चित्तावती गुरुमां (१७) अनोजा गुरुमां (१८) केशावती गुरुमां (१९) खेमावती गुरुमां (२०) विजीता गुरुमां (२१) सुजाता गुरुमां (२२) माधवी गुरुमां (२३) संघरक्षिता गुरुमां आदि ।

समापन समारोहमा भिक्षु कालुदायी महास्थविरले शील प्रार्थना गराउनु भई बुद्धपूजा गर्नु भएको थियो । उक्त समारोहमा केन्द्रिय दायक परिषदका अध्यक्ष वखत बहादुर चित्रकार र बौद्ध विद्वान लोकबहादुर शाक्यले भिक्षु, गुरुमांहरूबाट गाउँ गाउँमा बुद्ध शिक्षा प्रचार गर्नु भएकोमा हर्ष प्रकट गर्नुहुँदै आ-आफ्नो मन्तव्य ब्यक्त गर्नु भयो । पिन्ननी टोलका अध्यक्ष टीकाराम महर्जन, गोपाल महर्जन, लोकबहादुर महर्जन, श्याम महर्जन, अष्टबहादुर महर्जन र टोलका अन्य सबैको सहयोगले भिक्षु र गुरुमां, उपासक उपासिकाहरूलाई जलपान भोजन दान गर्नुभएको थियो । उक्त समारोहमा सिद्धिमंगल बुद्ध विहारका अध्यक्ष बुद्धिबहादुरले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## वज्रयान विषयमा वृहत प्रवचन

०५६ साल भाद्र ११ गते । ललितपुरको रुद्रदेव नगरपाल संस्कारित जेतवर्ण महाविहार द्य.बहालमा प्रत्येक पूर्णिमाको उपलक्ष्यमा नेपाल बौद्ध परिषदको तर्फबाट प्रवचन कार्यक्रम सञ्चालन भइआए अनुसार गत भाद्र ११ गते श्रावण पूर्णिमाको उपलक्ष्यमा "वज्रयानका विशेषताहरू" विषयमा एउटा वृहत प्रवचन कार्यक्रम सन्चालन भएको समाचार छ ।

उक्त कार्यक्रममा वज्रयान विषयमा विद्यावारिधि (Phd.) गर्न शोधपत्र तयार गर्ने क्रममा रहनु भएकी त्रिचन्द्र क्याम्पसमा दर्शन शास्त्रका उप-प्राध्यापिका बौद्ध विद्वान श्रीमती विमला मानन्धरले वज्रयान विषयमा सारगर्भित प्रवचन दिनुभयो ।

नियमित बुद्धपूजाबाट शुरु भएको सो समारोहको अध्यक्षता परिषद्का अध्यक्ष श्री महीश्वरराज वज्राचार्यले गर्नुभएको थियो भने परिषद्का उपाध्यक्ष श्री शान्तहर्ष वज्राचार्यले उपस्थित बौद्ध शुभ चिन्तकहरूलाई स्वागत गर्नुभएको थियो । स्वागत भाषणको क्रममा उहाँले मानिस भएर जन्मेपछि कुनै न कुनै कर्ममा लागिरहनु पर्छ भन्नुहुँदै बुद्ध धर्ममा चतुआर्यसत्यको महत्वबारे प्रकाश पार्नुभयो ।

परिषदका सक्रिय कार्यकर्ता श्री मीनबहादुर वज्राचार्यले उद्घोषण गर्नुभएको सो समारोहमा परिषद्का महासचिव श्री लक्ष्मण शाक्यले वक्ता श्रीमती विमला मानन्धरको परिचय प्रस्तुत गर्नुभएको थियो ।

अन्तमा सभापतिको आशनबाट बोल्नुहुँदै परिषद्का अध्यक्ष महीश्वरराज वज्राचार्यले वज्रयान विषयमा सारगर्भित प्रवचन दिनुहुने श्रीमती विमला मानन्धरका साथै उपस्थित सबै श्रोतावर्गलाई धन्यवाद ज्ञापन गर्नुहुँदै यानगत आधारमा बौद्धहरू कुनै सम्प्रदाय वा वर्ग विशेषमा मात्र आवद्ध नभई बुद्धयानको माध्यमबाट सम्पूर्ण बौद्धहरूमा एकताको भावना जागृत हुनुपर्ने कुरामा जोड दिनुभयो ।

## एक दिवशीय बाल ध्यान सम्पन्न

पोखरा ३ असोज । धर्म कर्म बूढो भएपछि मात्र गर्ने भन्ने होइन । मनको सचेतताबाट बाल बालिकाहरूलाई सुसंस्कारित गर्न जति सहज हुन्छ कुसंस्कारमा हुर्केका युवा र वृद्धहरूमा त्यत्ति सहज हुन सक्तैन भन्नुहुँदै विपश्यना साधनाका वरिष्ट सहायक आचार्य तथा बौद्ध महिला संघ काठमाडौंकी उपाध्यक्ष सुश्री नानीमैंया मानन्धरले बाल ध्यान शिविरले बाल बालिकाहरूको बालसुलभ चंचलतालाई स्वभाविक रूपमा पहिचान गराई त्यसलाई नियन्त्रण गर्न मद्दत पुऱ्याउने बताउनु भयो । उक्त कुरा उहाँले गत शनिवार पोखराको नदीपुर कोपिल ढुङ्गामा आयोजित एकदिने बाल ध्यान शिविर समापन अवसरमा बताउनु भएको हो ।

धन्यवाद ज्ञापन गर्ने क्रममा मैत्रीसंघ पोखराका अध्यक्ष विश्वरत्न शाक्यले बाल बालिकाहरूलाई सुसंस्कारित मार्गमा दोहऱ्याउनु चुनौतिपूर्ण रहेको बताउनु हुँदै यस कार्यमा बौद्ध महिला संघ काठमाडौंले सदासयतापूर्वक होस्तेमा हैंसे गरिदिनु भएकोमा आभार व्यक्त गर्नु भयो ।



Downloaded from http://www.dhamma.digital

विपश्यनाका वरिष्ट सहायक आचार्य सुश्री नानीमैयाँ मानन्धरको आचार्यकत्वमा संचालित बाल ध्यान शिविरमा स्थानीय ९ वडा स्कूलका ६२ जना बालबालिकाहरू सहभागी थिए। अधिकांश १० वर्षदेखि १४ वर्ष उमेर सम्मका १४ जना बालक र ४८ जना बालिकाहरू थिए।

बौद्ध महिला संघ, काठमाडौंको सहयोग र मैत्रीसंघ पोखराको सक्रियतामा संचालित यस बाल ध्यानमा बौद्ध महिला संघ काठमाडौंको तर्फबाट मीरा ज्योति, विणा कंसाकार, गंगा श्रेष्ठ, रेणुका मानन्धर, प्रभा स्थापित, कमला शाक्य, उत्पल बनिया, अन्जू ताम्राकार र अनगारिका ञाणवती सहचारी रहनु भएको थियो।

मैत्रीसंघ, पोखराले गत वर्ष पनि ३ दिवसीय बाल ध्यान शिविरको आयोजना गरिसकेको छ ?

## मोगोक प्रतित्य समुतपाद चक्र प्रणाली विपश्यना ध्यान शिविर

वि.सं. २०५६ आश्विन ५ देखि १४ सम्म सुनसरी जिल्ला धरान नगरपालिका वडा नं ८ स्थित "बुद्ध विहार" मा मोगोक प्रतित्य समुत्पाद चक्र प्रणाली विपश्यना ध्यान शिविर सम्पन्न भएको समाचार प्राप्त भएको छ। श्री लाल ब. तुलाधरको संयोजकत्त्वमा १६ सदस्यीय व्यवस्थापन टोली गठन गरी ध्यान गुरु भिक्षु जटिलको निर्देशानुसार ध्यान उक्त शिविर संचालन गरिएको थियो।

धरान, इटहरी, बेलवारी, वाहुन दागि, मोरंग, लेटाङ्ग, कसेनी, इन्द्रपुर, मेचीनगर, झापा र चितवन आदि गरी जम्मा २२ जवानं साधक र ८ जवान साधिकाहरूले भाग लिएको उक्त ध्यान शिविरमा विभिन्न साधकहरूले आफूले सक्दो समयसम्म ध्यान बस्नु भएका थिए।

साधक साधिकाहरूमध्ये प्रव्रजित हुनु हुने व्यक्तिहरू यसरी हुनुहुन्थ्यो- गोविन्द प्र. पोखेल र सिंहदल गुरूङ्ग।

दाताहरूको दानबाट संचालित उक्त ध्यान शिविरमा ११ दिनसम्म आवश्यक सेवा प्रदान गर्ने सेवक सेवीकाहरू यसरी हुनुहुन्छ - निल कुमारी स्थापित, देवी ठकुरी, रत्न निधी रेग्मी, गणेश सापकोटा, धर्मकुमारी मोक्तान, विष्णुमाया कर्माचार्य, ज्ञानलक्ष्मी ताम्राकार, चन्दा राई, पद्म ब. तामाङ्ग, मीना राई, पूर्णकुमारी तुलाधर, चम्पा लिम्बु, पद्म कुमारी राई, लक्ष्मी राई, शारदा राई, रेविका मोक्तान, चन्दमाया ताम्राकार आदि।

आश्विन १५ गते शिविर समापन समारोहमा प्रमुख अतिथि पोखेल र पूर्वाञ्चल क्षेत्रिय प्रहरी एकाई कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक रूपमा सागर मोक्तान तथा अन्य पुराना साधक साधिकाहरूको समेत उपस्थिति थियो। बौद्ध युवा साथीहरूबाट संचालित उक्त समारोहमा साधक गोविन्द पोखेलले यस ध्यानबाट नौलो किसिमको अनुभव र अन्य संस्कारमा केही नभएको बुद्धको शिक्षामा बढी आस्था भएको भनि बोल्नु भयो। श्री ऋषी पोखेलले यस ध्यानको अनुभवबाट अनित्य दु:ख अनात्मा उदय-व्यय (उत्पत्ति-नाश) को बोध प्राप्त हुँदो रहेछ भन्नुभयो। त्यस्तै सबै साधिकाहरूका नेतृत्व गरी श्रीमती मन्दिरा खड्काले ध्यान बारे बोल्नु हुँदै बाहिरका रूप मूर्तिलाई पूजा आजा गरेर मन्दिर गएर शान्ति नपाउँदो रहेछ। शान्ति आफूभित्रका श्वास-प्रश्वासलाई हेरेर मात्र पाइँदो रहेछ भन्नुभयो। विहारका सचिव खड्ग ब. मोक्तानले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा श्री रेग्मीज्यूले शिविरको आय व्यय विवरण पेश गर्नुभएको थियो। त्यस्तै लालबहादुर तुलाधरले धन्यवाद ज्ञापन गर्नुहुँदै सभा विसर्जन गर्नु भएको थियो।

## युवा बौद्धसंघ पोखराको चौथो वार्षिकोत्सव

यु.बौ. संघ धर्मशीला बुद्ध विहार पोखराको चौथो वार्षिकोत्सवको उपलक्षमा विभिन्न कार्यक्रमहरू समावेश गरी साप्ताहिक कार्यक्रम मनाइएको समाचार प्राप्त भएको छ।

**रक्तदान-**

२०५६ भाद्र १९ गते। यसदिन युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार नदिपुर पोखराले रक्तदान कार्यक्रमको आयोजना गरेको थियो। धर्मसंघ बुद्ध विहार मोहरिया टोलको प्राङ्गणमा आयोजित उक्त कार्यक्रमको प्रमुख अतिथि गेहेन्द्रेश्वर कोइरालाले कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। उक्त कार्यक्रममा श्रद्धेय भिक्षु श्रद्धानन्द र श्री रघुनाथ कोइरालाले रक्तदानको महत्त्वबारे प्रकाश पार्नु भएको थियो। उत्तममान बुद्धाचार्यको सभापतित्त्वमा सम्पन्न सो कार्यक्रममा भुवन ताम्राकारले स्वागत मन्तब्य ब्यक्त गर्नुभएको थियो भने इन्द्र प्रसादले कार्यक्रम संचालन गर्नुभएको थियो।

महिला र पुरुष गरी जम्मा ५० जवान व्यक्तिहरूले रक्तदान गर्नुभएको उक्त कार्यक्रमका लागि सम्पूर्ण आर्थिक सहयोग श्री कृष्ण चलचित्र मन्दिर र विन्दुबासिनी चलचित्र मन्दिर तेर्सापट्टीबाट प्राप्त भएको थियो।

**बौद्ध निबन्ध प्रतियोगिता**

२०५६ भाद्र २१ गते। यसदिन पोखरा उपत्यका ब्यापी अन्तर मा. वि. स्तरिय बौद्ध निवन्ध रनिङ्ग शिल्ड प्रतियोगिता धर्मशीला बुद्ध विहार नदीपुरमा आयोजना गरियो। प्रमुख अतिथि जनप्रिय बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख श्री गणेश पालिखेले उद्घाटन


Downloaded from http://www.dhamma.digital

गर्नुभएको सो कार्यक्रम युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यको सभापतित्त्वमा संचालन गरिएको थियो। विनोद रत्न शाक्यले स्वागत भाषण गरी विपिन उदासले उद्घोषण गर्नुभएको उक्त कार्यक्रममा १८ वटा माध्यमिक बिद्यालयहरूबाट १४ जवान छात्र र ४ जवान छात्राहरूले भाग लिएका थिए। "बुद्ध शिक्षा र विद्यार्थी जीवन" शिर्षक राखिएको उक्त निवन्ध प्रतियोगिताका बिजयी प्रतियोगीहरूलाई श्री कुलामान बुद्धाचार्य (स्वराज गहना मोहरीयाटोल) बाट रनिङ्ग शिल्ड र पुरस्कार सौजन्य स्वरूप प्राप्त भएको थियो।

**सिपमुलक तालिम**

२०५६ भाद्र २२ गते। यसदिन सिपमूलक तालिम कार्यक्रम अन्तर्गत प्लाष्टिकको केन (डोरी) को बजार झोला र गमला बनाउने चारदिने तालिम संचालन गरिएको थियो। धर्मशीला बुद्ध विहार नदिपुरमा संचालन गरिएको उक्त कार्यक्रम श्रद्धेय भिक्षु श्रद्धानन्दले उद्घाटन गर्नुभएको थियो। प्रकाश उदासको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सुश्री सुजाता ताम्राकारले स्वागत भाषण र विक्रम बुद्धाचार्यले उद्घोषण गर्नुभएको थियो। श्रीमती दमयन्ती शाक्य प्रशिक्षक रहनु भएको उक्त कार्यक्रममा १२ जवान महिलाहरू प्रशिक्षार्थीको रूपमा सहभागी भएका थिए।

**वार्षिकोत्सव**

२०५६ भाद्र २६ गते। यसदिन युवा बौद्ध संघ धर्मशीला बुद्ध विहार पोखराको चौथो वार्षिक उत्सव शाक्य समाज नदिपुरमा सम्पन्न गरिएको थियो। पोखरा विश्वविद्यालयका उप-कुलपति प्रा.डा.पुरुषोत्तम वास्कोटाले उद्घाटन गर्नुभएको सो समारोहमा विभिन्न संघ संस्थाका प्रतिनिधीहरू, स्थानिय समाज सेवी, अभिभावकहरू, निवन्ध प्रतियोगिताका सहभागी विद्यालयका शिक्षक तथा विद्यार्थीहरू र उपासक उपासिकाहरूको उपस्थिती रहेको थियो। श्रद्धेय भिक्षु श्रद्धानन्दज्यूले पंचशील प्रार्थना गराउनु भई रञ्जन बुद्धाचार्यले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा विक्रम बुद्धाचार्यले २०५५/०५६ को वार्षिक प्रतिवेदन पेश गरी कोषाध्यक्ष सोनी सुवालले आय व्यय विवरण पेश गर्नुभएको थियो।

शुभकामना मन्तव्यको क्रममा प्याब्सन (PABSON) सनातन धर्म सेवा समिति, लायन्स क्लव अफ पोखरा लेक सिटी, नेपाल रेडक्रस सोसाइटी कास्की, रोटरी क्लव पोखरा, नेवाः खलः, नेपाल जेसीज, ज्ञानमाला संघ पोखरा, धर्मोदय सभा कास्की, युवा बौद्ध संघका सल्लाहकार, धर्मशीला बुद्ध विहार दायक सभा, श्रद्धेय भिक्षु श्रद्धानन्द आदिले युवा बौद्ध संघले गत वर्ष सम्पन्न गरेका कृयाकलापहरूको बारेमा आ-आफ्नो मन्तव्य ब्यक्त गर्नु हुँदै शुभकामना ब्यक्त गर्नुभएको थियो।

त्यसपछि प्रमुख अतिथि श्री वास्कोटाले निवन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने श्री आदर्श इङ्गलिस वोर्डिङ्ग स्कूललाई रनिङ्ग शिल्ड र अन्य विजयी विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाण पत्र प्रदान गर्नु भएको थियो। त्यस्तै रक्तदान कार्यक्रमका रक्तदाताहरू, सीपमूलक तालिमका प्रशिक्षार्थीहरू र वर्षभरी आयोजित कार्यक्रमका संयोजकहरूलाई प्रशंसा पत्र प्रदान गर्नुभएको थियो।

प्रकाश उदासले संचालन गर्नुभएको उक्त कार्यक्रमको अन्तमा युवा बौद्ध संघका अध्यक्ष उत्तममान बुद्धाचार्यले धन्यवाद ज्ञापन गर्नु हुँदै आगामी वर्ष संघले संचालन गरिने मुख्य मुख्य कार्यक्रमहरूको वार्षिक कार्य तालिका प्रस्तुत गर्नु भएको थियो।

## बौद्ध वृद्धाश्रमका पदाधिकारीहरूको

टेलिफोन नम्बरहरू

| | | पद | फोन नं. |
|---|---|---|---|
| १. | भिक्षुणी धम्मवति | अध्यक्ष | २५९४६६ |
| २. | श्री मोतिलाल शिल्पकार | उपाध्यक्ष | ५३३२१४ |
| ३. | श्री सानुरत्न स्थापित | उपाध्यक्ष | २२८०१३ |
| ४. | श्रीमती ईन्दिरा मानन्धर | महासचिव | ४१९०८६/२२४१३० |
| ५. | श्यामकृष्ण मानन्धर | सचिव | २५६८८५ |
| ६. | जुलुम कृष्ण शिल्पकार | कोषाध्यक्ष | ५३८३१६ |
| ७. | भिमबहादुर श्रेष्ठ | सहकोषाध्यक्ष | २२२९६३ |
| ८. | वासन्तीदेवी बज्राचार्य | सदस्य | २२३००५ |
| ९. | बखतबहादुर चित्रकार | सदस्य | ४३१८८९ |
| १०. | दिलरत्न शाक्य | सदस्य | २६३३४५ |
| ११. | केशब बैद्य | सदस्य | ०११ ६१२३४ |
| १२. | आशाकाजी सेवक | सदस्य | ०११ ६१२६२ |
| १३. | ई.पुरुषोत्तम डंगोल | सदस्य | ५२८१६४ |
| १४. | अनुपमा गुरुमां | सदस्य | २५९४६६ |
| १५. | डा.चन्द्रेस तुलाधर | सदस्य | २२१३४५ |

**रक्तदान**

२०५६ श्रावण १२ गते। युवा बौद्ध संघ विराटनगरको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको समाचार छ। बुद्ध भजन, ज्ञानमाला भजन खलः उपासिका संघको सहभागी भएको उक्त कार्यक्रममा संघका अध्यक्ष मोहनकृष्ण ताम्राकारद्वारा स्वागत मन्तब्य ब्यक्त गरिएको थियो। रक्तदान कार्यक्रमका प्रायोजक श्री ताम्राकार धातु उद्योग धरानका श्री रुद्र ताम्राकार र बन्धु ताम्राकार तथा अन्य सहयोगी


Downloaded from http://www.dhamma.digital

दाताहरूमा श्री रामप्यारी ताम्राकार उपासिका संघ परिवार एवं रेडक्रम सोसाइटीलाई धन्यवाद ज्ञापन गरियो। रक्तदान गर्नुहुने दाताहरूको नामावली यसप्रकार छन्-

१. रोशन ताम्राकार २. योगेन्द्र श्रेष्ठ ३. गणेश थापा ४. रविन्द्र राई ५. ईश्वर दाहाल ६. राजेश मानन्धर ७. मुकेश ताम्राकार ८. सानु महर्जन ९. काशीनाथ ताम्राकार १०. भैरब विश्वकर्मा ११. योगेन्द्र गौतम १२. सुजन तुलाधर १३. लक्ष्मी प्रधान १४. ऋषिहर्ष बज्राचार्य १५. विनोद तुलाधर १६. मीना तुलाधर १७. लक्ष्मण प्र.शाह १८. राजन श्रेष्ठ १९. राजु ताम्राकार २०. प्रमीला प्रधान २१. बुद्ध राज उदाश २२. महेश ताम्राकार २३. सुजन प्रधान २४. भुवन तुलाधर २५. ध्रुव श्रेष्ठ २६. पुरषोत्तम सुवेदी २७. बबिता ताम्राकार

रक्तदाताहरूलाई प्रमुख अतिथी श्री लालधन शाक्यद्वारा प्रमाणपत्र वितरण गर्नु भएको थियो । कार्यक्रमको उद्घोषक श्री सुजन प्रधान हुनुहुन्थ्यो ।

## धर्मदेशना

२०५६ श्रावण २७ - भाद्र - २४ गते । स्थान: पद्मावती महाविहार न:बहाल ललितपुर ।

पद्मावती महाविहार न:बहाल ललितपुरको आयोजनामा श्रावण २७ - भाद्र २४ गतेसम्म धर्म देशनाको आयोजना गरिएको समाचार प्राप्त भएको छ ।

धर्मदेशना गर्नुहुने भिक्षु र गुरुमांहरूको नामावली क्रमानुसार यसप्रकार रहेको छ-

१. भिक्षु धम्मपाल २. भिक्षु पञ्ञालोक ३. चमेली गुरुमां ४. भिक्षु भद्दिय ५. अनुपमा गुरुमां ६. भिक्षु बोधिज्ञान ७. भिक्षु सुमेध ८. भिक्षु बुद्धघोष ९. भिक्षु अश्वघोष १०. भिक्षु सुनन्द ११. रज्जक श्रामणेर १२. धम्मवती गुरुमां १३. सुजाता गुरुमां १४. भिक्षु ज्ञानपूर्णिक १५. थाई भिक्षु सामरोङ्ग १६. भिक्षु वरसम्बोधि १७. भिक्षु शीलभद्र १८. जोतिक श्रामणेर १९. भिक्षु सुदर्शन आदि ।

भाद्र २६ गते धर्मदेशना समापन समारोह सम्पन्न गरिएको थियो ।

## नवौं गुणानुस्मरण दिवस

२०५६ आश्विन ८ गते । स्थान आनन्दकुटी विहार स्वयम्भू । आनन्दकुटी विहार गुठी, आनन्दकुटी दायक सभा परिवार स्वयम्भूको आयोजनामा आनन्दकुटी विहार गुठीको संस्थापक दिवंगत श्रद्धेय भिक्षु आचार्य अमृतानन्द महानायक महास्थविरको नवौं गुणानुस्मरण दिवस भव्यरुपमा मनाइएको समाचार छ ।

## करुणा तेश्रो वार्षिकोत्सव एवं भिक्षु अमृतानन्द स्मृति दिवस

तानसेनको होलङ्गदी स्थित बुद्ध विहारको हलमा करुणा बौद्ध संघको तृतीय वार्षिकोत्सव एवं भिक्षु अमृतानन्द स्मृति दिवस सम्पन्न भएको समाचार छ । श्री छत्रराज शाक्यको अध्यक्षतामा सम्पन्न भएको उक्त समारोहमा उहाँले भिक्षु अमृतानन्दको गुण स्मरण गर्नुहुँदै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभयो । साथै करुणा बौद्ध संघले सिमित आर्थिक श्रोतको बाबजुद पनि १४ महिना भित्र २ वटा करुणा र मैत्री कक्ष भवनहरू निर्माण गरिएको, करुणा बौद्ध पुस्तकालय स्थापना गरी संचालन भइरहेको कुरा बताउनु भयो । मदनलाल बज्राचार्यले वार्षिक गतिविधि प्रस्तुत गर्नु भएपछि विरेन्द्रकाजी शाक्यले आ.व. ०५५/५६ मा कुल आय १,७०,१८८/२४ र कुल खर्च १,२५,८०८/- र रु. ४४३८०/२४ बैंकमा मौज्दात रहेको कुरा प्रस्तुत गर्नुभयो । रु. १४६०६१/७३ नगद र अन्य जिन्सी गरी करिव २ लाखमा करुणा भवन र रु ७७९२८/२७ को लागतमा मैत्री कक्ष भवन निर्माण गरिएको कुरा उल्लेख गर्नुभयो ।

उक्त सभामा चिनियालाल बज्राचार्य, कृष्ण प्रसाद शाक्य, जगत बहादुर जोशी, प्राचार्य धीरेन्द्र प्रसाद श्रेष्ठ, प्रेममान शाक्य, सुश्री चिनीदेवी बज्राचार्य आदिले करुणा बौद्ध संघले छोटो अवधिमा बुद्ध धर्मको प्रचार प्रसार र विहार निर्वाण गरी विकासमा महत्त्वपूर्ण प्रगति गरेको चर्चा गर्दै स्व. भिक्षु अमृतानन्द महास्थविर प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो ।

उक्त समारोहमा विश्वमान बज्राचार्यले स्वागत भाषण गरी संजयराज शाक्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने मदनलाल बज्राचार्यले कार्यक्रम संचालन गर्नुभएको थियो ।

## दीघनिकाय नेपाली प्रेसमा

त्रिपिटक ग्रन्थका अनुभवी अनुवादक श्री दुण्डबहादुर बज्राचार्यका अथक परिश्रमको फलस्वरूप दीघनिकाय नेपालीमा प्रकाशित हुन अब केवल दुई महिना जति लाग्ने अनुमान गरिएको छ । स्मरणीय छ, श्री वज्राचार्यद्वारा नेपाल भाषामा दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय र खुद्दकनिकायका इतिवुतक तथा त्रिपिटकेतर ग्रन्थ मिलिन्द-प्रश्न आदि ग्रन्थहरूको प्रकाशनले गर्दा बुद्ध धर्म अध्ययन गर्न चाहनेहरूको लागि विपुल साधन उपलब्ध भएको छ ।

बुद्ध धर्मको मूल एवं प्रामाणिक ग्रन्थ भन्नु नै त्रिपिटक ग्रन्थ हुन् । त्रिपिटकका तीन पिटक - सुत्तपिटक,



Downloaded from http://www.dhamma.digital

विनयपिटक र अभिधम्मपिटकमा सुत्तपिटक पहिलो भए जस्तै दीघनिकाय नै सुत्तपिटकको पहिलो निकाय ग्रन्थ हुन्।

वीर - पूर्ण पुस्तक संग्रहालय, ल.पु. गावहालबाट प्रकाशित हुने सो दीघनिकाय ७१/२ X ९१/२ साइजको करीव ६६२ पृष्ट हुनेछ।

## पुस्तक विमोचन

२०५६ आश्विन ९ गते। स्थानः विश्व शान्ति विहार, नयाँ बानेश्वर।

यसदिन विश्व शान्ति दायक समितिको आयोजनामा विश्व शान्ति विहारमा वर्षाबास बस्नुहुने श्रद्धेय भिक्षुसंघलाई कठिन चीवर दान, विहारको वार्षिकोत्सव र प्रमुख अतिथि भिक्षु कुमार काश्यप महास्थविरको तर्फबाट दश पुण्य पुष्प पुस्तकको विमोचन गर्नुभई भव्यतापूर्वक कार्यक्रमहरू सुसम्पन्न गरिएको समाचार छ।

उक्त समारोहमा भिक्षु ज्ञानपूर्णिक महास्थविरले स्वागत भाषण गर्नुहुँदै विश्व शान्ति विहार शिक्षालयको उद्देश्यबारे विस्तृत विवरण प्रस्तुत गर्नुभयो भने विहार दायक समितिका सचिव अमीता धाख्वाले वार्षिक गतिविधि बारे प्रतिवेदन पेश गर्नुभयो। भिक्षु बुद्धघोष महास्थविरको सभापतित्त्वमा सम्पन्न भएको उक्त समारोहमा कंसाकार ज्यूले आर्थिक प्रतिवेदन पेश गर्नु भई अध्यक्ष प्रेमलाल श्रेष्ठले धन्यवाद ज्ञापन गर्नु भएको थियो। त्यस्तै प्रा.सुवर्ण शाक्यले दश पुण्य पुष्प पुस्तकको परिचय दिनु भएको थियो भने माननिय वाणिज्य मन्त्री श्री रामकृष्ण ताम्राकार ज्यूले शुभेच्छा मन्तब्य प्रकट गर्नु भएको थियो। श्रीलंकाका राजदूतले पनि आफ्नो मन्तब्य ब्यक्त गर्नु भएको उक्त समारोहमा मलेशियन दाताहरूबाट भिक्षु महासंघलाई कठिन चीवर दान गरिएको थियो।

कठिन उत्सवको उपलक्षमा वक्तृत्त्वकला, निबन्ध, चित्रकला, बौद्ध हाजिरी जवाफ प्रतियोगिता जस्ता रचनात्मक कार्यक्रमहरू पनि संचालन गरिएको उक्त समारोहमा श्रीलंकाका साँस्कृतिक मन्त्रालयको तर्फबाट प्राप्त भएका चीवरहरू श्रीलंकाका राजदूतले भिक्षुहरूलाई दान दिनु भएको थियो।

## "सेवा नै धर्म हो"

श्रद्धेय भिक्षु बुद्धघोष महास्थविरज्यूको ७९ औं जन्म दिनको उपलक्षमा श्री सुमंगल विहार, लुखुँसीमा २०५६।७।६ गते शनिवारमा निःशुल्क स्वास्थ शिविर सम्पन्न भयो।

*विषय स्वयम सेवकहरू डाक्टरहरूको नामावली*

दाँत- १. डा.प्रमोद रावल (का.डे.न. होम)

दाँत- २. डेण्टल होजिनिजष्ट बुद्ध लक्ष्मी शाक्य (का.डे.न. होम)

बाल- ३. डा. शान्त चन्द्र शाक्य (कान्ती बाल अस्पताल)

नाक,कान,घाँटी- ४. डा.गौतमी शाक्य (बीर अस्पताल)

स्वास्थ्य सहयोगीहरूको नामावली

१. अजय राज शाक्य, नकबहील
२. सत्य रत्न शाक्य, ह:खा
३. विजय शाक्य, न:वही
४. गिता महर्जन, लुखुँसी
५. सरु शाक्य, ओकुबहाल
६. रमा बज्राचार्य, गुजिबहाल
७. रचना बज्राचार्य, इलाननी
८. अमिता नापित, इलाननी
९. सुनेना शाक्य, इलाननी
१०. सरिता शाक्य, ओकुबहाल
११. सुमंगल विहार परिवारः विशेष सहयोगी

*सँयोजक :*

१. कोमल राज शाक्य
२. सतिस शाक्य

## शस्त्र परित्याग दिवस

थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा शस्त्र परित्याग दिवस अन्तरगत साप्ताहिक प्रवचन तथा विविध कार्यक्रम सम्पन्न गरिएको समाचार छ। उक्त कार्यक्रम २ भागमा विभाजित थियो। ती मध्ये प्रथम भागको कार्यक्रम तालिका यसरी उल्लेखित थियो।

| *मिति* | *स्थान* |
|---|---|
| १. २०५६ आश्विन २३ गते | श्री सिद्धिमंगल बौद्ध विहार सिद्धिपुर ठसी। |
| २. २०५६ आश्विन २४ गते | सुवर्ण छत्रपुर विहार, लुभु |
| ३. २०५६ आश्विन २५ गते | नगदेश बुद्ध विहार, नगदेश |
| ४. २०५६ आश्विन २७ गते | धर्मचक्र विहार बागबजार |
| ५. २०५६ आश्विन २८ गते | दिपंकर विहार भक्तपुर |
| ६. २०५६ आश्विन २९ गते | बौद्ध समकृत विहार भक्तपुर |
| ७. २०५६ आश्विन ३० गते | धर्मचक्र विहार बागबजार |

कार्यक्रमको दोश्रो भाग मूल शस्त्र परित्याग दिवसको रुपमा विविध कार्यक्रम तथा प्रवचन गरी मिति २०५६ कार्तिक ३ गतेका दिन धर्मकीर्ति विहारमा संचालन गरिएको थियो।

यसदिन बखत बहादुर चित्रकारको सभापतित्त्वमा भिक्षु कुमार काश्यप महास्थविरको प्रमुख आतिथ्यमा


Downloaded from http://www.dhamma.digital

कार्यक्रम सुसम्पन्न गरिएको थियो । भिक्षुणी धम्मवतीले स्वागत भाषण गर्नुभएको उक्त समारोहमा विभिन्न बक्ताहरूले शस्त्र परित्याग दिवसको महत्वबारे आ-आफ्ना सारपूर्ण मन्तब्य ब्यक्त गर्नु भएका थिए । बक्ताहरूको नामावली यसरी रहेको छ-

भिक्षुणी धम्मवती, प्रेमवहादुर शाक्य, भिक्षु अश्वघोष महास्थविर, विष्णु रत्न शाक्य, आशाबहादुर गुरुङ्ग, भिक्षुणी कुसुम, सुवर्ण शाक्य, लोकबहादुर शाक्य, आशाभाई तण्डुकार र बखत बहादुर चित्रकार आदि ।

## बुद्ध जीवनी सम्बन्धी प्रशिक्षण

२०५६ आश्विन १-८ गते सम्म । मैत्रेय युवा संघ भक्तपुरको आयोजनामा युवा वर्गहरूलाई बुद्धको महत्त्व बारे ज्ञान दिलाउने उद्देश्य लिई "बुद्ध जीवनी" सम्बन्धी साप्ताहिक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको समाचार छ । भिक्षु निग्रोधले प्रशिक्षण दिनु भएको उक्त समारोहमा २२ जवान प्रशिक्षार्थीहरूले भाग लिएका थिए ।

श्रद्धेय भिक्षु धम्मशोभन महास्थविरको सभापतित्त्वमा समापन समारोह सम्पन्न गरी उहाँबाट नै प्रशिक्षार्थीहरूलाई प्रमाण पत्र वितरण गरिएको थियो । प्रशिक्षार्थीहरू, बिद्या शाक्य, तुलसी काजी मानन्धर, प्रकेश रत्न शाक्य र पवित्रा मानन्धरले आफू बौद्ध भएर पनि बुद्ध धर्म सम्बन्धि केही ज्ञान थाहा नपाएको तर यस प्रशिक्षणबाट आफूले बुद्ध धर्म सम्बन्धि केही ज्ञान हासिल गर्ने मौका प्राप्त गरेको र यस्तो कार्यक्रम निरन्तर संचालन गरिनु पर्ने बिचार ब्यक्त गर्नुभयो ।

प्रशिक्षक भिक्षु निग्रोधले बुद्ध शिक्षाको महत्त्व बुझ्नको लागि अध्ययन आवश्यक भएको जानकारी दिनुभयो भने संघका अध्यक्ष तीर्थराज बज्राचार्यले स्वागत भाषण गर्नुहुँदै नेपालमा जन्मेको बुद्धको शिक्षालाई नेपाली युवाहरूले थाहा नपाउनु लाज लाग्दो कुरो हो भन्नुभयो । उहाँले भिक्षु निग्रोधलाई धन्यवाद ज्ञापन पत्र पनि प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा संघका कोषाध्यक्ष रुद्र चित्रकारले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## कठिन उत्सव कार्यक्रमहरू सम्पन्न

२०५६ कार्तिक ८ गते । स्थान: श्री शाक्य सिंह विहार, ललितपुर ।

यसदिन ञाणशिला गुरुमां भिम शाक्य परिवार र शाक्य सिंह विहारका उपासकोपासिकाहरूको संयुक्त आयोजनामा श्री शाक्य सिंह विहारमा भिक्षु धर्मपाल वर्षाबास बस्नु भएको उपलक्ष्यमा श्रद्धेय भिक्षुसंघलाई कथिन चीवर दान कार्यक्रम भब्यरुपमा सुसम्पन्न गरिएको समाचार छ ।

## सुगतपुर विहारमा विविध कार्यक्रम

यहि कार्तिक १० गते नुवाकोट जिल्लाको त्रिशूली स्थित सुगतपुर विहारमा भिक्षु प्रज्ञानन्द जन्म शतवार्षिक समारोह तथा कठिन चीवर दान कार्यक्रम सम्पन्न भएको छ ।

भिक्षु अश्वघोष महास्थविर सम्मुख शील प्रार्थना गरी संचालन भएको उक्त कार्यक्रममा दिवंगत संघ महानायकको तस्वीर सामु दीप प्रज्वलन एवं धूप बाल्ने कार्य सम्पन्न गरे पश्चात् मन्तब्य प्रकट गर्ने क्रममा भिक्षु अश्वघोषज्यूले संघाराम भिक्षु तालिम केन्द्र स्थापना गर्नुको उद्देश्य मध्येको एउटा हो ठाउँ-ठाउँमा भिक्षुहरूलाई खटाई धर्म प्रचार कार्यमा संलग्न गराउनु । सोही उद्देश्य अनुरुप तालिम केन्द्रको भिक्षु सुशीलले यस विहारमा वर्षावास बस्ने कार्य पूर्ण गरेको खुशीयालीमा आयोजना भैरहेको आजको समारोहमा संलग्न हुन पाउँदा आफूले केही सन्तोषको अनुभव गरेको बताउनु भएको थियो । यस अघि कथिन चीवर दाताको निवास स्थानबाट बाजा-गाजाका साथ "कथिन चीवर'' सहित श्रद्धालु नर-नारीहरूले त्रिशूली बजारको परिक्रमा गरेका थिए ।

स्वागत मन्तब्य दिदै चक्रराज शाक्यज्यूले राम्रा कार्यमा असल मानिसहरूले सघाउने छन् भन्ने कुरालाई सभामा उपस्थित व्यक्तित्वहरू एवं संख्याले पुष्टि गरेको छ भन्नुभयो ।

भिक्षु प्रज्ञानन्द जन्म शतवार्षिक समारोहका अध्यक्ष भिक्षु धम्मपालज्यूले दिवंगत संघमहानायक भिक्षु प्रज्ञानन्दज्यूले बुद्ध धर्मको प्रचार कार्यमा दिनु भएको योगदानको चर्चा गर्नु भएको थियो । त्यस्तै, सुश्री अमिता धाख्वाले दिवंगत भिक्षु प्रज्ञानन्दज्यूको जीवनीमा प्रकाश पार्नु भएको थियो ।

पुरुषोत्तम शाक्यद्वारा संचालित सो कार्यक्रममा 'कथिन चीवर' को महत्व एवं यसको ऐतिहासिक धार्मिक पक्षबारे गहकिलो ब्याख्या सहित भिक्षु बोधिसेनले धर्मदेशना गर्नु भएको थियो । सभामा सुगत बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्यज्यूले धन्यवाद मन्तब्य दिनु भएको थियो ।


Downloaded from http://www.dhamma.digital

अघिल्लो दिन (कार्तिक ९ गते) कथिन चीवरको दाता मोति महर्जनको निवासमा भिक्षु शोभनले धर्म देशना गर्नु भएको थियो ।

**२०५६ कार्तिक १६ गते** । स्थान- श्री सुमंगल विहार, ललितपुर ।

भक्त कुमारी शाक्य र श्री सुमंगल विहार परिवार को संयुक्त आयोजनमा पुज्यपाद अग्गमहा सद्धम्म जोतिक धज भिक्षु बुद्धघोष महास्थविर, श्रीलंकाका भिक्षु अम्मवगेदर श्री सुमन महास्थविर भिक्षु शोभन श्री सुमंगल विहारमा वर्षाबास सम्पन्न गर्नु भएको उपलक्षमा भिक्षु महासंघलाई महान कथिन चीवर दान कार्यक्रम सुसम्पन्न भएको समाचार छ ।

## राष्ट्रव्यापी बुद्धजयन्ती समारोह सुव्यवस्थित ढंगले मनाउन तयार पारिएका प्रस्तावहरू

हामी बौद्धहरू तथा बुद्ध धर्मप्रति आस्थावान् व्यक्तिहरू सबैले वर्षको एकचोटी सिद्धार्थ बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाण तथा बुद्ध संवत् फेर्ने उपलक्ष्यमा आ-आफ्ना श्रद्धा र इच्छा अनुसार आफ्नै कोठामा, ढोकामा वा सार्वजनिक सडक आदि स्थानमा बुद्धजयन्ती मनाई आइरहेका छौं । सार्वजनिक स्थानमा बुद्धजयन्ती मनाउन प्राय: सबै स्थानीय बौद्ध संस्थाहरूले बैशाख पूर्णिमाभन्दा केही महिना वा दिन अघिदेखि बैठक बसी स्थानीयस्तरमा बुद्धजयन्ती मनाउन व्यवस्था तथा योजना गर्ने चलन थियो र छ पनि । तर बुद्धजयन्ती मनाउने क्रममा यी संस्थाहरूको एक समूहले अर्को समूहसंग अथवा एक जिल्लाको समूहले अर्को जिल्लाको समूहसंग समन्वय राखी संयुक्त रूपमा राष्ट्रव्यापी हिसाबले बुद्धजयन्ती मनाएको भने देखिएन ।

यी कमी कमजोरी तथा खालीखण्डलाई हटाई बौद्ध जागरण ल्याउन र बुद्ध धर्म प्रचार प्रसार कार्यमा यथेष्ठ मात्रामा सघाउन संयुक्त रूपमा सुव्यवस्थित ढंगले राष्ट्रव्यापी रूपमा बुद्धजयन्ती समारोह गर्न निम्न प्रस्तावहरू बौद्धधर्मावलम्बी पाठकहरू समक्ष प्रस्तुत गर्न चाहन्छु । यी हुन् प्रस्तावहरू–

१) राष्ट्रव्यापी बुद्धजयन्ती समारोहको व्यवस्था मिलाउन विभिन्न प्रतिनिधिहरू भएको एक मूल समन्वय समिति गठन गरिनु पर्दछ । यस मूल समन्वय समिति तथा केन्द्रको अध्यक्ष र उपाध्यक्षको हकमा दक्ष सक्षम थेरवाद भिक्षु वा दक्ष सक्षम महायान लामा भिक्षु भएमा बढी सान्दर्भिक हुने देखिन्छ । महासचिव र कोषाध्यक्षको हकमा भने दक्ष क्षमतावान् पक्का बौद्ध हुनु पर्छ ।

२) बुद्धजयन्ती कसरी सफल र सौम्य पार्ने भन्ने बारे संघ संस्था, विहार, गुम्बा, समिति, उपसमिति र शाखा, उपशाखाहरू सबैका सल्लाह साहुती तथा सुझावहरू लिई बैठकमा पेश गर्ने ।

३) बुद्धयजन्तीको दिन एकै समयमा राष्ट्रव्यापी बौद्ध झण्डा उभ्याउने ।

४) बुद्धपूर्णिमाको दिन राष्ट्रव्यापी रूपमा निर्धारित एकै पावन समयमा एक मिनेट बुद्धानुस्मृति गरेर (बुद्ध गुण स्मरण गरेर) मौन रही पुण्य कमाउने ।

५) बुद्धजयन्ती सम्बन्धमा पारित साधारण कार्यक्रमहरू सम्बन्धित सबैलाई पठाउने ।

६) दियोमा बत्ती बाली बुद्धलाई फुल चढाई बुद्धजयन्ती प्रारम्भ गर्ने ।

७) राजा तथा राज परिवारको समुपस्थितिमा हुने बुद्धजयन्ती समारोह रेडियो र टेलिभिजनद्वारा नेपालभर प्रत्यक्ष प्रसारण गर्न लगाउने ।

८) प्रशस्त पत्र पत्रिकाहरूमा बुद्धजयन्ती सम्बन्धी सूचनाहरू छाप्न लगाउने ।

९) बुद्धजयन्ती सुन्दरतम् तरिकाले सफल पार्ने संघ संस्था, समिति तथा समूहहरूलाई पुरस्कार एवं प्रशंसापत्र वितरण गर्ने ।

यसरी व्यवस्थित रूपले राष्ट्रव्यापी बुद्धजयन्ती मनाईंदा उपलब्ध हुने सम्भावित फाइदाहरू :-

(क) राष्ट्रव्यापी रूपमा बौद्धहरूका बीच सम्बन्ध तथा समन्वय हुनेछ ।

(ख) राष्ट्रव्यापी बुद्ध धर्म प्रचार प्रसार गर्न टेवा पुग्ने छ ।

(ग) बौद्धहरूका बीच आपसमा सहयोग र सहिष्णुताको विकास हुनेछ ।

(घ) बौद्धहरूका बीच आपसमा हौसला प्रदान गर्ने र एकताको धारणा विकास गर्ने काममा सघाउ पुग्नेछ आदि ।

सम्पर्क: आनन्द विहार क्याम्पस, शाक्य सिंह विहार, थैनाटोल, ललितपुर-१२

**डा.भिक्षु सुनन्द–अध्यक्ष**
सिद्धार्थ विश्वविद्यालय
(योजना तथा स्रोत परिचालन समिति)

## बौद्ध जागरण शिविर

२०५६ कार्तिक ११ गतेदेखि १३ गते सम्म । स्थान-सुर्खेत । युवा बौद्ध समूह र मगर बौद्ध संघ समिति सुर्खेतको संयुक्त आयोजनामा ३ दिने बौद्ध जागरण शिविर सम्पन्न गरिएको समाचार प्राप्त भएको छ ।

जम्मा ११४ जवान जनजाती प्रशिक्षार्थीहरूले भाग लिएको उक्त शिविरमा युवा बौद्ध समूहका अध्यक्ष शान्तरत्न शाक्य, उपाध्यक्ष त्रीरत्न मानन्धर र भिक्षु संघरक्षित संघाराम, सुदर्शना दर्शनधारी, अनु तुलाधर,



Downloaded from http://www.dhamma.digital

शाक्य सुरेन, डा. केशवमान शाक्य, तेजनारायण मानन्धर, प्रशिक्षकहरूले प्रशिक्षण दिनु भएका थिए। उक्त शिविरमा अध्ययन गरिएका विषयहरू यसरी उल्लेख गरिएका छन्।

१. बुद्ध, धर्म र संघ। २. बुद्ध धर्ममा नारीहरूको स्थान। ३. बुद्ध जीवनी। ४. दश पारमिता। ५. मंगल सूत्र। ६. पराभव सूत्र। ७. चतुआर्यसत्य।

## उपाधि र पुरस्कार प्रदान

२०५६ कार्तिक १७ गते बुधबार। स्थान: राष्ट्रिय सभा गृह, भृकुटी मण्डप काठमाडौं। यस दिन नेपालभाषा क्षेत्रमा अमूल्य सेवा पुऱ्याउनु हुने महानुभावहरूलाई उहाँहरूको योगदानलाई कदर गरी नेपालभाषा परिषदको तर्फबाट एक समारोहमा नेपाल संवत् १११९ को उपाधि र पुरस्कारहरू प्रदान गरिएको समाचार छ।

| *Honour (उपाधि) प्राप्त गर्नु हुने व्यक्तित्वहरू* | *उपाधि* |
|---|---|
| १. काठमाडौं, श्रीघ:, धर्मकीर्ति प्रकाशनका संस्थापिका आदरणीय भिक्षुणी धम्मवती धम्माचरिय - | "भाषाथुवा:" |
| २. दार्जिलिङ्ग नेवार संगठनका प्रमुख श्री दीपनारायण प्रधान (डी.एन. प्रधान) - | "भाषाथुवा:" |

| *Awards(पुरस्कार) प्राप्त गर्नुहुने व्यक्तिहरू* | *पुरस्कार* |
|---|---|
| १. भक्तपुरका "लुँध्वाखा" मासिक लयपौ प्रकाशक "कुत:" लाई | "चित्तधर सिरपा:" |
| २. लेख लेखक "श्री ध्रुवनारायण कायस्थ"लाई | "ठाकुरलाल सिरपा:" |
| ३. कवयित्री "श्रीमती नारायणदेवी श्रेष्ठ"लाई | "मोतिलक्ष्मी सिरपा:" |

## अभिनन्दन समारोह

२०५६ आश्विन ३० गते। स्थान- गण महाविहार, काठमाडौं। यसदिन भोजपुर टक्सारबाट प्रव्रजित हुनुभई स्थविरवाद बुद्ध शासनको उन्नति तथा अभिबृद्धिमा आजीवन समर्पित भइराख्नु हुने पुज्यपाद भिक्षु सुबोधानन्द महास्थविर सुशीला गुरुमां र रत्नमञ्जरी गुरुमां आदिको सम्मानमा भोजपुर टक्सार बौद्ध संस्कार गुठी काठमाडौंबाट एक अभिनन्दन समारोह सम्पन्न गरिएको समाचार प्राप्त भएको छ। गुठीका अध्यक्ष हर्षरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त समारोहको संचालन भीम शाक्यद्वारा गरिएको थियो भने सदस्य कृष्णमान शाक्यले स्वागत भाषाण तथा खड्गरत्न शाक्यले गुठीको उद्देश्यबारे प्रकाश पार्नु भएको थियो। ज्ञानमाला भजन र बुद्ध पूजा पछि सुरु भएको उक्त समारोहमा भिक्षु सुदर्शन महास्थविर ज्ञानपूर्णिक महास्थविरले पनि अभिनन्दित भिक्षु तथा गुरुमांहरूको देन माथि प्रकाश पार्नुका साथै गुठीको उक्त सन्हानीय कार्यको प्रशंसा गर्नुभएको थियो। सो समारोहमा अभिनन्दित व्यक्तित्त्वहरूलाई भक्त कुमारी शाक्यले रु. एक एक हजार दान गर्नुभएको थियो।

## विभिन्न विहारहरूमा वर्षावास सम्पन्न भएको उपलक्षमा कथिन चीवर दान समारोह

**२०५६ कार्तिक १२ गते।** स्थान- नगदेश बुद्ध विहार। नगदेश बुद्ध विहारमा भिक्षु वरसम्बोधि वर्षावास बस्नुभएको उपलक्षमा भिक्षुसंघलाई कथिन चीवर दान समारोह सम्पन्न गरिएको छ। उक्त अवसरमा भिक्षु अश्वघोष महास्थविरले धर्मदिशना गर्नुभएको थियो।

**२०५६ कार्तिक १३ गते।** स्थान- प्रणिधिपूर्ण महाविहार, बलम्बु। पूज्य संघनायक अनिरुद्ध महास्थविर वर्षावास बस्नु भएको उपलक्षमा भिक्षु संघलाई कथिन चीवर दान उत्सव सम्पन्न। उक्त समारोहका दाता काठमाडौंका उपासिका समूह र धर्मदेशना गर्नु हुने भिक्षु अश्वघोष महास्थविर हुनुहुन्थ्यो। प्रा.सुवर्ण शाक्यले आफ्नो मन्तव्य ब्यक्त गर्नुभयो भने डा. लक्ष्मण शाक्यले स्वागत भाषण गर्नुभएको थियो।

**२०५६ कार्तिक १४ गते।** स्थान- पद्म सुगन्ध विहार, मजिपात। भिक्षु सुमेध वर्षावास बस्नु भएको उपलक्षमा भिक्षु संघलाई कथिन चीवर दान उत्सव सम्पन्न। दाता- उपासकउपासिकाहरू।

**२०५६ कार्तिक १५ गते।** धर्मशीला विहार पोखरामा कथिन चीवर दान सम्पन्न भयो।

**२०५६ कार्तिक १६ गते।** सुमंगल विहारमा भिक्षु बुद्धघोष महास्थविर वर्षावास बस्नुभएको उपलक्ष्यमा कथिन चीवर दान सम्पन्न।

**२०५६ कार्तिक १७ गते।** स्थान- श्रीघ: विहार। भिक्षु अश्वघोष महास्थविर वर्षावास बस्नु भएको उपलक्षमा दाता भरतदेव, श्रीमती विष्णुदेवी मानन्धर परिवारले भिक्षु संघलाई कथिन चीवर र अष्टपरिष्कार दान उत्सव सम्पन्न गरिएको।

**२०५६ कार्तिक १८ गते।** स्थान- भक्तपुर, मुनिविहार। भिक्षु सम्यक ज्योति वर्षासाव बस्नु भएको उपलक्षमा दाता ज्ञानरत्न शाक्य, लक्ष्मी शाक्य परिवारको तर्फबाट भिक्षु संघलाई कथिन चीवर दान महोत्सव सम्पन्न।

**२०५६ कार्तिक १९ गते।** स्थान- जितवन विहार, थानकोट। भिक्षु सुगतमुनि बर्षावास बस्नु भएको उपलक्षमा भिक्षु संघलाई कथिन चीवर दान महोत्सव सम्पन्न गरिएको छ। उक्त समारोहका दाताहरू तीर्थ बहादुर शाही, दुर्गादेवी शाही प्रमुख अन्य उपासक उपासिकाहरू थिए।

**२०५६ कार्तिक २० गते।** स्थान- मणिमण्डप विहार ललितपुर। भिक्षु शीलभद्र वर्षावास बस्नु भएको


Downloaded from http://www.dhamma.digital

उपलक्षमा भिक्षुसंघलाई कथिन चीवर दान महोत्सव सम्पन्न । दाता उपासक उपासिकाहरू ।

२०५६ **कार्तिक २० गते** । स्थान- अमरापुर बुद्ध विहार, बुँग ललितपुर । गुरुमांहरू सुजाता, चारुञाणी, खेम्मेशी र विशुद्धञाणी वर्षावास बस्नु भएको उपलक्षमा भिक्षु, श्रामणेर र गुरुमांहरूलाई भोजन दान गरी विहारमा परियत्ति शिक्षामा उत्तीर्ण शिक्षार्थिहरूलाई प्रमुख अतिथि ललितपुर उप-महानगरपालिकाका मेयर बुद्धिराज वज्राचार्यले प्रमाणपत्र र पुरस्कार प्रदान गरिएको थियो । उक्त समारोहका आयोजक तथा दाताहरू अमरापुर बुद्ध विहारका उपासक उपासिकाहरू थिए ।

२०५६ **कार्तिक २६ गते** । स्थान- पूर्वाराम विहार, धुलिखेल । भिक्षु गुणघोष बर्षावास बस्नुभएको उपलक्षमा भिक्षुसंघलाई कथिन चीवर दान महोत्सव सम्पन्न ।

२०५६ **कार्तिक २८ गते** । स्थान- ध्यानकुटी विहार बनेपा । भिक्षु कोण्डञ्ञ बर्षावास बस्नु भएको उपलक्षमा भिक्षुसंघलाई कथिन चीवर दान महोत्सव सम्पन्न । यस समारोहका आयोजक तथा दाता ध्यानकुटी संरक्षण समिति थियो ।

२०५६ **कार्तिक २९ गते** । स्थान- बौद्ध समकृत विहार भक्तपुर । भिक्षु धम्मशोभन बर्षावास बस्नु भएको उपलक्षमा भिक्षु संघलाई कथिन चीवर दान महोत्सव सम्पन्न ।

२०५६ **कार्तिक ३० गते** । स्थान- गण महाविहार । भिक्षु सुवोधानन्द प्रमुख अन्य भिक्षुहरू बर्षावास बस्नु भएको उपलक्षमा भिक्षु संघलाई कथिन चीवर दान महोत्सव सम्पन्न ।

२०५६ **मंसिर १ गते** । स्थान: बुद्ध विहार, भृकुटी मण्डप । भिक्षु चन्द्रगुप्त बर्षावास बस्नु भएको उपलक्षमा भिक्षुसंघलाई कथिन चीवर दान महोत्सव सम्पन्न ।

२०५६ **मंसिर २ गते** । स्थान- इबही पाटन । भिक्षु भद्दिय बर्षावास बस्नु भएको उपलक्ष्यमा भिक्षु संघलाई कथिन चीवर दान महोत्सव सम्पन्न । यस समारोहका दाताहरू तन्त्रमुनि शाक्य र श्रीमती बुद्ध लक्ष्मी शाक्य थियो ।

२०५६ **मंसिर ४ गते** । स्थान- अन्तरराष्ट्रिय भावना केन्द्र संखमूल । वर्मी भिक्षु उ. सुजनपिय वर्षावास बस्नु भएको उपलक्षमा भिक्षुसंघलाई कथिन चीवर दान महोत्सव सम्पन्न ।

२०५६ **मंसिर ५ गते** । स्थान- संघाराम विहार । भिक्षुहरू वर्षासाव बस्नु भएको उपलक्षमा भिक्षुसंघलाई कथिन चीवर दान महोसत्व सम्पन्न ।

## विश्वशान्ति स्तूपको पुनर्जन्म

तीन दशक पहिले माछापुच्छ्रे हिमालय अगाडि पोखरा नगरीको दक्षिण-पश्चिमी अनदु डांडामा जापानी भिक्षु निचिडात्शु फुजीले विश्वशान्ति स्तूप निर्माण गरिएको थियो । पंचायतकालमा उक्त स्तूपलाई शाही सेनाले तहस नहस पारी दिएको थियो । अब फेरि त्यही स्तूपको त्यही ठाउँमा पुनर्जन्म भएको शान्तिको समाचार छ ।

जापानको बौद्ध धार्मिक संस्था निप्पोन जान म्याहोजीको सहयोगमा दश वर्ष लामो प्रयत्नपछि निर्मित विश्वशान्ति स्तूप तयार भएको उपलक्ष्यमा शनिबार विहान भव्य प्रतिष्ठा पूजा गरियो । धेरै वर्ष पहिले तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले शिलान्यास गर्नु भएको थियो ।

स्तूप निर्माण सम्पन्न भएको उपलक्ष्यमा आयोजित पूजा समारोहमा जापानबाट आएका सैकडौं भिक्षु उपासक र उपासिका अतिरिक्त नेपाली तथा अन्य राष्ट्रका भिक्षुहरूले रमाइलो वातावरणमा शान्तिको सन्देश फुक्दै प्रतिष्ठा पूजा गरेका थिए । प्रतिष्ठा पूजाको रौनक बढाउँदै हेलिकोप्टरबाट रंगीचंगी शान्तिका चिन्ह पुष्प वृष्टि गरिएको थियो ।

पूर्व प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, वाणिज्य मन्त्री रामकृष्ण ताम्राकार, सांसद तथा मेयरहरू, थाइल्याण्डका राजदूत, स्तूप समितिका पदाधिकारी, बुद्ध धर्मावलम्बीहरूको असंख्य नरनारीको उपस्थितिमा आयोजित समारोहमा भिक्षुहरूले पाठ गर्नुका साथै गौतम बुद्धको पवित्र अस्थिधातु निधान गरेका थिए ।

२०५६ **आश्वीन** १८ गतेका दिन बिभिन्न संघ-संस्थाका प्रतिनिधिहरूको बैठकबाट श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरको अध्यक्षतामा गठित ४३ सदश्यीय धम्मवती अभिनन्दन समारोह समिति र विभिन्न उपसमितिहरूका पदाधिकारी तथा सदस्यहरू :

धम्मवती अभिनन्दन समारोह समिति

अध्यक्ष - श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर
उपाध्यक्ष - श्रद्धेय लामा भिक्षु छेचु कुस्यो
उपाध्यक्ष - श्रद्धेय पण्डित श्री बद्रिरत्न बज्राचार्य
सचिव - श्री अगम्यरत्न कंसाकार

सदस्यहरू :

१. श्री सानुरत्न स्थापित, कोषाध्यक्ष, धर्मकीर्ति विहार
२. श्री अरूण सिद्धि तुलाधर, सचिव, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
३. श्री सुवर्ण शाक्य, महासचिव, धर्मोदय सभा



Downloaded from http://www.dhamma.digital

४. श्री बखत बहादुर चित्रकार, अध्यक्ष, केन्द्रिय दायक परिषद
५. श्री रामरत्न तुलाधर, कोषाध्यक्ष, श्रीघः ज्ञानमाला भजन खलः
६. श्री फणिन्द्र रत्न बज्राचार्य, सचिव, नेपाल भाषा परिषद
७. श्रद्धेय शुशिला गुरुमां, अध्यक्ष, भिक्षुणी अनुयायी संघ नेपाल
८. श्रद्धेय माधवी गुरुमां प्रध्यानाध्यापक, यशोधरा बौद्ध बिद्यालय
९. श्रद्धेय अनोजा गुरुमां, प्रमुख, सुलक्षण कीर्ति विहार
१०. श्री शान्त रत्न शाक्य, अध्यक्ष, ज्ञानमाला भजन खलः, स्वयम्भू
११. श्री त्रिरत्न मानन्धर, उपाध्यक्ष, युवा बौद्ध समूह
१२. श्री नरेश बीर शाक्य, सचिव, नेपाल भाषा मंका खलः
१३. श्री बिपेन्द्र महर्जन, अ.के.त.स., ज्यापू महागुठी
१४. श्री अष्टमुनि गुभाजु, सदस्य, बज्राचार्य संरक्षण गुठी
१५. श्रीमती इन्दिरा मानन्धर, महासचिव, बौद्ध बृद्धाश्रम
१६. श्रीमती बिमला बज्राचार्य, अध्यक्ष, बौद्ध महिला संघ नेपाल
१७. श्री गोबिन्द चित्रकार, चित्रकार (पुं) समाज
१८. सुश्री अमिता धाख्वा, बिश्व शान्ति विहार दायक परिषद
१९. श्री रोसन काजी तुलाधर, सचिव, श्रीघः विहार समिति
२०. श्री चन्द्रमान शाक्य, अध्यक्ष, युवक बौद्ध मण्डल नेपाल
२१. श्री छोवाङ्ग, नोर्बु, मनाङ्ग, सेवा समिति
२२. श्रीमती बिणा शाक्य, सचिव, जनजाति महासंघ
२३. श्री बिकाश रत्न बज्राचार्य, अध्यक्ष, नेपाल बौद्ध संस्कृति संरक्षण केन्द्र
२४. श्री प्रेमकुमार शाक्य, अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र
२५. श्री बिजय रत्न वज्रार्चाय, वज्राचार्य मिलन केन्द्र
२६. श्री अध्यक्ष अक्षेयश्वर महाविहार संरक्षण समिति
२७. श्री अध्यक्ष, ललितपुर बौद्ध विहार संघ
२८. श्री अध्यक्ष, तमु बौद्ध सेवा समिति
२९. श्री अध्यक्ष, थकालि सेवा समिति
३०. श्री अध्यक्ष, नेवाः दे दबु
३१. श्री अध्यक्ष, तमु छोभुं घीं
३२. श्री अध्यक्ष, धर्म चक्र विहार
३३. श्री अध्यक्ष, केन्द्रिय मानन्धर संघ
३४. श्री अध्यक्ष, थारु कल्याणकारी संघ
३५. श्री अध्यक्ष, गोरखा मेमोरियल ट्रष्ट
३६. श्री अध्यक्ष, बसुन्धरा संरक्षण सम्वर्द्धन सुधार संघ
३७. श्री अध्यक्ष, नेपालभाषा मिसा खलः
३८. श्री अध्यक्ष, नागार्जुन बौद्ध अध्ययन संस्थान
३९. श्री अध्यक्ष, नेपाल बौद्ध मगर संघ

### ब्यबस्थापन उप-समिति

१. श्री अरुण सिद्धि तुलाधर, सचिव, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
२. श्री चन्द्रमान शाक्य, अध्यक्ष, युवक बौद्ध मण्डल नेपाल
३. श्री त्रिरत्न मानन्धर, उपाध्यक्ष, युवा बौद्ध समूह
४. श्रीमती बिमला बज्राचार्य, अध्यक्ष, बौद्ध महिला संघ नेपाल
५. श्री शान्त रत्न शाक्य, अध्यक्ष, ज्ञानमाला भजन खलः, स्वयम्भू
६. श्री बिपेन्द्र महर्जन, अ.के.त.स., ज्यापू महागुठी
७. श्री बुद्धरत्न बज्राचार्य, सचिव, धर्मोदय सभा

### खाद्य उप-समिति

१. श्री धनबहादुर नकर्मि
२. श्रीमती पूर्णदेवी बनियां

### आर्थिक उप-समिति

१. श्री सानुरत्न स्थापित
२. श्री दीर्घमान श्रेष्ठ
३. श्री छोवाङ्ग नोर्बु
४. श्री प्रत्येक रत्न ताम्राकार
५. श्री मोतिकाजी शाक्य

### प्रचार-प्रसार उप-समिति

१. श्री नबिन चित्रकार
२. श्री एल्भिस जोशी
३. श्रीमती इन्दिरा मानन्धर
४. श्री विकाश रत्न बज्राचार्य
५. श्रीमती बीणा शाक्य

### अभिनन्दन पत्र उप-समिति

१. श्री मदन रत्न मानन्धर
२. श्री सुवर्ण शाक्य
३. श्री फणिन्द्र रत्न बज्राचार्य
४. श्री अष्टमुनि गुभाजु
५. श्री नरेश बीर शाक्य

### माईक ब्यबस्था उप-समिति

१. श्री बिद्या सागर रंजित
२. श्री शान्त कुमार चित्रकार

### बौद्ध भजन उप-समिति

१. श्रीघः ज्ञानमाला भजन खलः

### Master of Ceremony उप-समिति

१. श्रीमती कीर्ति तुलाधर
२. श्री अरुण सिद्धि तुलाधर

– स्वागत सत्कार उप-समिति


Downloaded from http://www.dhamma.digital

*स्थान- बुटवल*

छलफल कार्यक्रममा भाग लिने सहभागीहरू मध्ये एकजनाले प्रसन्न मुद्रामा बोल्दै भने- आज छलफल आयोजक मण्डल काठमाडौं देखि बुटवलसम्म कष्ट नमानीकन आउनु भई यस छलफल कार्यक्रमको आयोजना गर्नु भएकोले हामी सबै खुशी छौं र तपाईंहरूप्रति हामी कृतज्ञ पनि छौं। काठमाडौंमा समय समयमा धार्मिक विषयहरूमा छलफल हुने गरेको छ भनेर हामीले पनि सुनेका छौं। तर त्यस कार्यक्रममा भाग लिन चाहेर पनि हामी भाग लिन आउन असमर्थ भइरहेका थियौं।

आयोजकको तर्फबाट एकजनाले भन्यो-लौ त। तपाईंहरूको केही प्रश्न सोध्नु छ भने सोधिहाल्नुस् न।

*एकजनाले भन्यो-* "प्रश्न गर्नुभन्दा पहिले हामीले हाम्रो परिचय दिन चाहन्छौं। हामी नेपाल मगर बौद्ध सेवा समाजका सदस्यहरू हौं। हामीलाई बुद्ध धर्म विषयमा त्यति राम्रो ज्ञान त छैन। त्यसैले होला यस विषयमा हामीलाई कतिपय शंका उपशंकाहरू उठ्ने गर्छ। हामीले उठाएका प्रश्नहरू सुनेर तपाईंहरूलाई कसो कसो लाग्न सक्छ। हाम्रो पहिलो प्रश्न छ-

"बुद्ध धर्मले अवतारलाई मान्ने गर्छ ?"

उत्तर- मान्दैन।

"बुद्ध धर्ममा स्वर्ग र नर्क लोकलाई मान्छ कि मान्दैन ?"

उत्तर- बौद्ध साहित्यले त मान्ने गरेको छ। तर बुद्ध शिक्षा अनुसार मानिसहरूले यही वर्तमान जीवनमा नर्कलोक र स्वर्गलोकको भोग गरिरहेको हुन्छ। तर स्वर्गलोक र नर्कलोकको विषयमा चिन्तन गरिरहनुभन्दा आफ्नो कर्म, वचन र मन शुद्ध गर्ने प्रयत्न गरेको खण्डमा कसैले पनि नर्कलोकको अनुभव गर्न पर्ने छैन। यस कार्यको अभ्यास गर्न सकेमा यही वर्तमान जीवनमा स्वर्गको अनुभव गर्न सकिने छ।

*अर्को एकजनाले प्रश्न गरे-* हिन्दू धर्मका अनुयायीहरूले बुद्ध धर्मलाई हिन्दू धर्मको (शाखा) इकाई भन्ने गरेका छन् नि। त्यसो भने पनि बुद्ध धर्म्मावलम्बीहरूका लागि अलग्ग तथ्याङ्क लिने गरेको छ। यसबारे स्पष्ट पारिदिनु हुन्छ कि ?

उत्तर- आजभोली शुद्ध बुद्ध धर्मको खूब प्रचार भइरहेको छ नि। त्यसैले हिन्दू धर्मको शाखा भनी प्रचार गरिरहेको देखिन्छ। तर बुद्धले सर्वप्रथम उपदेश दिनुहुँदा भन्नु भएको थियो- "मलाई पहिले कहिले पनि नसुनेको धर्मको बोध भयो। यस धर्ममा साम्प्रदायिक, पूर्वाग्रह र अन्धविश्वासको रंग छैन। पुरानो संस्कार त्याग्न सकेमा सबैले यस ज्ञानलाई प्राप्त गर्न सकिनेछ। यसले स्पष्ट गर्छ बुद्ध धर्म हिन्दू धर्मको शाखा होइन र बुद्ध धर्मले ईश्वर आत्मा र परमात्मालाई मान्दैन।

अर्को कुरो, नेपालमा हिन्दूहरूको संख्या बढि देखाई बौद्धहरूको संख्या अल्पमात्रामा देखाउनको लागि पनि बौद्धहरूको अलग्ग तथ्यांक लिने गरेको देखिन्छ। किनभने नेपाल त हिन्दू राष्ट्र हो। त्यसैले बौद्धहरूलाई हिन्दू बनाउन खोजिएको पनि देखिन्छ।

त्यसैले होला, हालसालै लुम्बिनीमा हुन लागेको हिन्दू बौद्ध सम्मेलनलाई बौद्ध संस्थाहरूले विरोध गरेका छन्। हिन्दू सम्मेलन आयोजकहरूको नियत पनि बुद्ध धर्मलाई हिन्दू धर्मको शाखा हो भन्ने कुरा प्रष्टाउन खोजिएको देखिन्छ। अर्को कुरो, शंकराचार्यको आगमन हुने देखियो। त्यति मात्र होइन जहाँ शंकराचार्यको आगमन हुन्छ, त्यहाँ शिवलिङ्ग स्थापना गर्नुपर्ने दस्तुर रहेछ उहाँहरूको। त्यसैले लुम्बिनीमा पनि उक्त सम्मेलन भएको खण्डमा मायादेवी मन्दिर नजिकै शिवलिङ्ग स्थापना गरिने योजनाको पनि चर्चा सुनिन थालियो। यसरी सम्यक संकल्पको अभाव भएका यी विभिन्न कारणहरूलाई अध्ययन गरी भविष्यमा अप्रिय घटनाहरू हुन नदिनका लागि पनि हिन्दू बौद्ध सम्मेलन लुम्बिनीमा नगराउन माग गरिएको हो।

*अर्का एक जनाले प्रश्न सोध्न थाल्यो-* "पभस्सरमिदं चित्तं तंचखो आगन्तुकेही किलेसेहि संकिलिट्ठं।" यस पालि वाक्यको पूरा अर्थ वातावरण प्रदूषण हो कि चित्त प्रदूषण हो ? यस विषयमा स्पष्ट पारिदिनु हुन्छ कि ?

उत्तर- राम्रो प्रश्न गर्नु भयो तपाईंले। यो वाक्य बुद्ध वाक्य हो। स्वभावतः मानिसको चित्त शुरुमा पवित्र हुन्छ। तर समाजमा बस्दाखेरि दूषित चरित्र र चित्त भएका मानिसहरूसंगको रहन सहन, संगत र समाजको प्रदूषित चित्तको प्रभावले गर्दा पवित्र चित्तलाई अपवित्र पारिदिन्छ भनिएको हो। त्यसैले समाजको वातावरण पनि शुद्ध हुनुपर्छ। यहाँ परम्परावादी अन्धविश्वासी र चरित्रहीन मानिसहरूलाई नै प्रदूषित वातावरणको रुपमा लिइएको छ।

*अर्को प्रश्न-* आर्थिक समतामूलक समाजमा प्रतिस्पर्धा नहुने हुनाले आर्थिक उन्नतिमा बाधा पुग्छ कि ?

उत्तर- बौद्ध साहित्य पढ्दा आर्थिक प्रतिस्पर्धा बारे उल्लेख गरेको पाइन्छ। यहाँ प्रतिस्पर्धाको अर्थले फुटबल खेलमा एकले अर्कोलाई छेकि हानेर लडाउने जस्तो विषयलाई उल्लेख गर्न खोजिएको होइन। प्रतिस्पर्धा भनेको शुद्ध चित्त सहितको हुनुपर्छ। अरुलाई हानी नपुऱ्याईकन सही ढंग प्रयोग गरिएको हुनुपर्छ।

*प्रश्न-* गोरखापत्रमा बौद्धहरू कट्टरपंथी बन्न पुगे भनेर गालि दिएर एउटा लेख निस्कियो नि।

उत्तर- यस विषयमा चासो राख्न ठीक भएन। किनभने कट्टरपंथी र साम्प्रदायिक आँखाले जे देखिन्छ, त्यही कुरालाई ठीक मान्ने चलन छ। तर वास्तवमा सम्यक दृष्टीले हेर्ने हो भने सही बोध र समझदारी हुनुपर्ने हो। खोई कहिले सही समझदारी हुने हो ?

*प्रश्न-* भगवान बुद्ध मूर्ति पूजाका विरोधी हुनुहुन्छ भनिन्छ। तर बुद्ध धर्मावलम्बीहरू मध्ये अधिकांश व्यक्तिहरू बुद्ध मूर्तिलाई नै पूजा गर्ने गर्छन्। यसबारे स्पष्ट पारिदिनु हुन्छ कि ?

उत्तर- मूर्ति पूजा प्रचलन त महायानको कोसेली हो। बुद्ध परिनिर्वाण हुनुभएको दुईसय, चारसय वर्ष पछि भिक्षुसंघ थेरवाद (हीनयान) र महायानको रुपमा विभाजन हुनपुगे। जन समर्थन पाउनको निमित्त महायानीहरूले मूर्ति पूजा गर्न शुरु गरे। यो राजा कनिष्क (बुद्ध परिनिर्वाण भएको ४०० वर्ष पछि) को पालामा भएको हो। अधिकांश जनता भक्तिमार्गमा लागी मूर्ति पूजा गर्ने महायानतिर लागे। त्यसपछि थेरवादीहरूको जीवनयापन गर्न गाह्रो हुन थाल्यो। त्यसैले होला थेरवादीहरूले पनि बुद्ध मूर्तिलाई गुरुको रुपमा पूजा गर्न थाले। महायानीहरूले बुद्ध मूर्तिलाई ईश्वरको रुपमा पूजा गर्न थाले। यसरी अज्ञानताको कारणले बुद्ध धर्मावलम्बीहरू मूर्ति पूजामा लाग्न थाले।

तर बुद्ध गुणानुस्मरण र शिक्षाको प्रेरणा स्वरूप मूर्ति पूजा गरेको खण्डमा त्यसमा आपत्ति मान्नु पर्ने छैन जस्तो लाग्छ। खोई, यसबारे पनि कहिले समझदारी आउने होला ?

आज त थुप्रै विषयमा प्रश्नहरू उठाइयो। रमाइलो भयो। यस छलफल कार्यक्रमले पछि पनि थुप्रै जिज्ञासा र समस्याहरू समाधान गर्न सफल हुनेछ भन्ने आशा राख्दै आजलाई यतिकैमा समाप्त गरौं।

Downloaded from http://www.dhamma.digital

# पूजनीय भिक्षुणी धम्मवतीको प्रव्रजित जीवन ५० वर्ष पूरा भएको उपलक्ष्यमा विभिन्न बौद्ध संघ संस्थाबाट अर्पण गरेको अभिनन्दन पत्र

**श्रद्धेय नारी अग्रणी ।**

नारी शिक्षाप्रति नकारात्मक भावना रहेको अन्धकारयुगमा आफ्नो १४ वर्षको किशोरावस्थामा यहाँले विदेशमा गएर भएपनि बुद्धको शिक्षा ग्रहण गर्ने अठोट लिनुभयो । अनेक दुःखकष्टरुपी मारलाई पार गरेर नै.सं. १०६९ मा कुशीनगरमा प्रव्रजित हुनुभयो । म्यान्मार (बर्मा) सम्मको कठिन पदयात्रा गरी बुद्ध शिक्षाले पूर्ण प्रभावित त्यस सुवर्णभूमिमा १४ वर्षसम्म निरन्तर अध्ययन तथा अभ्यास गरी आफ्नो मातृभूमि बुद्धदेशमा फर्कनुभयो । भिक्षुणी दीक्षापर्यन्तमा आफूलाई सामाहित गरी लोकजनमा बुद्ध धर्मका मानवीय व्यावहारिक शिक्षाको संचार गर्नुभयो ।

**बुद्धशासनध्वज ।**

बुद्ध धर्मप्रतिको हार्दिक संकल्प विछाएका यहाँलाई म्यान्मारबाट विभूषित "शासनधज धम्माचरिय" उपाधि नेपाली इतिहासको पानामा स्वर्णाक्षरले अंकित गर्न योग्य गौरवमय घटना हुन आएको छ । बुद्ध शासन चिरस्थायीका निम्ति महिला जगतमा नेतृत्त्व निर्माण गर्न यहाँले देखाउनु भएको उदाहरणबाट उक्त पद सार्थक भएको छ ।

**दूरदर्शी भिक्षुणी !**

बुद्ध धर्म प्रचार एवं संप्रेषणमा स्थायित्त्व कायम गर्न सक्रिय रहिरहने सद्विचारद्वारा विहारहरूको संस्थापन, निर्माण एवं संचालनमा न्यौछावर रहेको यहाँको देन अविस्मरणीय रहनेछ । केन्द्रिय रुपमा रहेको धर्मकीर्ति विहारका अतिरिक्त ध्यानकेन्द्र, वृद्धाश्रम आदिमा सहभागिता दिई बुद्ध जन्मस्थल पवित्र लुम्बिनीमा नारी जगतको अन्तर्राष्ट्रिय बौद्ध समागमस्थलको रुपमा गौतमी विहार श्रृजना गरी "पलेस्वां पुखू" (Lotus Pond) समेतको समायोजन एवं भारतको सारनाथमा पनि विहार स्थापनाको प्रतिवद्धता रहेबाट यहाँको दूरदर्शिता स्पष्ट भएको छ ।

**स्वच्छ हृदयी धर्मनिभाः ।**

यहाँको जन्म नै बुद्ध धर्म प्रचारको हेतु रहेको कुरा "पट्ठानपाली" जस्तो बुद्ध शिक्षाको आधारग्रन्थ पाठ गराउने सदुदेश्यमा कोष स्थापना भएकोबाट देखाउँछ । स्वयं बुद्धद्वारा प्रशंसित चतुसंवेजनीय स्थलहरू एवं अन्य बौद्ध तीर्थस्थलहरूको धर्मयात्राको संचालन गर्नुले बुद्धोपासकोपासिकाहरूका निमित्त प्रेरणाको श्रोत बनेको कुरा अति प्रशंसनीय भएको छ ।

**समाजसेवी भाषा थुवाः ।**

ज्ञान आदान प्रदानको माध्यम भएको भाषा जगतमा विविध भाषामा बुद्धका शिक्षा निहित पुस्तकहरू र पत्रिकाको प्रकाशन व्यवस्था गरी संरक्षकत्व समेत दिने जस्ता धार्मिक क्रियाकलापमा समाहित यहाँको विशेषताले म्यान्मारको "अग्गमहागन्थवाचक पण्डित" उपाधिको अधिकारिणी रहनु भएको छ । यस्तै नेपालभाषा परिषदबाट "भाषा थुवाः" बाट विभूषित गरिएको छ ।

**सद्धम्मपालक धम्मवती ।**

बुद्धोपदेशित धर्माचरणमा रहँदै आफ्नो प्रव्रजित जीवनको ५० वर्ष पार गर्नुभएको यहाँप्रति अति कृतज्ञ भई हामी विभिन्न बौद्ध संघ संस्थाहरूले यहाँमा सामूहिक रूपमा सश्रद्धा अभिनन्दन अर्पण गरेका छौं । यहाँको दीर्घायु तथा आरोग्यताका साथ मंगलमय श्री वृद्धि भइरहोस् भनी हार्दिक सुखमय कामना गर्दछौं ।

**चिरं तिट्ठतु सद्धम्मो ।**

बु.सं. २५४३ नै.सं. १११९ ई.सं. १९९९ वि.सं. २०५६ कार्तिक ६

धम्मवती अभिनन्दन समारोह समिति, काठमाडौं

१. धर्मकीर्ति विहार, श्रीघः नःघल ।
२. धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, श्रीघः नःघल ।
३. धर्मोदय सभा, काठमाडौं ।
४. भिक्षुणी अनुयायी संघ नेपाल, काठमाडौं ।
५. युवा बौद्ध समूह, काठमाडौं ।
६. युवक बौद्ध मण्डल, ललितपुर ।
७. ज्ञानमाला भजन समूह, स्वयम्भू
८. बौद्ध महिला संघ नेपाल काठमाडौं ।
९. मनाङ्ग सेवा समिति, काठमाडौं ।
१०. श्रीघः ज्ञानमाला भजन खलः श्रीघः नःघल ।
११. नेपालभाषा परिषद, काठमाडौं ।
१२. थेरवाद बौद्ध दायक केन्द्रिय परिषद, बागबजार ।
१३. जनजाति महासंघ, पुतलीसडक ।
१४. अक्षेयश्वर महाविहार संरक्षण समिति, पुल्चोक ।
१५. ललितपुर बौद्ध विहार संघ, ललितपुर
१६. तमु बौद्ध सेवा समिति, काठमाडौं
१७. थकालि सेवा समिति, काठमाडौं
१८. नेपालभाषा मंकाः खलः, काठमाडौं
१९. नेवाः दे दबू, काठमाडौं
२०. ज्यापू महागुठी, काठमाडौं
२१. तमु छोभुं घी, पोखरा
२२. बज्राचार्य संरक्षण गुठी, काठमाडौं
२३. बौद्ध वृद्धाश्रम, बनेपा
२४. चित्रकार (पुं) समाज, काठमाडौं
२५. अन्तरराष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल
२६. धर्मचक्र विहार, बागबजार
२७. केन्द्रिय मानन्धर संघ, काठमाडौं
२८. थारु कल्याणकारी संघ, सप्तरी
२९. नागार्जुन बौद्ध अध्ययन संस्थान, ललितपुर
३०. गोर्खा मेमोरियल ट्रष्ट, पुल्चोक
३१. वसुन्धरा संरक्षण सम्बर्द्धन सुधार संघ, बसुन्धरा
३२. नेपाल बौद्ध संस्कृति संरक्षण केन्द्र, काठमाडौं
३३. बज्राचार्य मिलन केन्द्र, काठमाडौं
३४. नेपालभाषा मिलन केन्द्र, काठमाडौं
३५. नेपाल मगर संघ ।
३६. सुलक्षण कीर्ति विहार, कीर्तिपुर
३७. यशोधरा बौद्ध विद्यालय, ललितपुर
३८. विश्व शान्ति विहार, दायक समिति नयां बानेश्वर ।
३९. श्रीघः विहार समिति नघः, काठमाडौं

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड ... २४८६७८
Downloaded from http://www.dhamma.digital